धनगढी उपमहानगरपालिकाको आर्थिक वर्ष २०८३।०८४ को

# वार्षिक नीति तथा कार्यक्रम



## धनगढी उपमहानगरपालिका

धनगढी, कैलाली

सुदूरपश्चिम प्रदेश, नेपाल

नगर प्रमुख श्री गोपाल हमालबाट **२०८३ असार ७** गते **आइतबार** नगर सभाको **पन्ध्रौ** अधिवेशनमा प्रस्तुत

धनगढी उपमहानगरपालिकाको आर्थिक वर्ष २०८३।८४ को

# वार्षिक नीति तथा कार्यक्रम

धनगढी उपमहानगरपालिका
धनगढी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

**नगर सभाका उपाध्यक्ष महोदय,**

**नगर सभाका सदस्यहरु**

१. नगर सभाको **पन्ध्रौ अधिवेशन** समक्ष आगामी आर्थिक वर्ष **२०८३।८४** को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मलाई खुशी लागेको छ।

२. सर्वप्रथम मुलुकको नागरिक सर्वोच्चता, शासन प्रणाली, सामाजिक रुपान्तरण र अग्रगमनका लागि भएका ऐतिहासिक जनआन्दोलन तथा संघर्षमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात-अज्ञात शहीदहरुप्रति श्रद्धा सुमन अर्पण गर्दछु। मुलुकको सार्वभौमिकता, स्वाधीनता र स्वाभिमानको रक्षा गर्दै राष्ट्र निर्माणको लागि संघर्ष गर्नु हुने जनआन्दोलनका घाइते तथा वेपत्ता नागरिक एवम् अन्य सम्पूर्ण नेपाली नागरिक र नेतृत्त्व गर्नु हुने आदरणीय अग्रज व्यक्तित्त्वहरुप्रति उच्च सम्मान व्यक्त गर्दछु।

३. नगर सभाको यस **पन्ध्रौं अधिवेशन**सम्म आईपुग्दा हामीले **चार** वर्षको कार्यकाल पुरा गरेका छौं। यस अवधिमा उपमहानगरबासीले सुम्पिएको जिम्मेवारीलाई पूरा गर्न उपमहानगरबासीका चाहना, माग र आवश्यकताहरुको उच्च सम्मान गरी धनगढीलाई देशकै एक सुन्दर, स्वच्छ, सफा, समृद्ध एवम् लोककल्याणकारी उपमहानगर बनाउने उच्च आदर्शले प्रेरित भई धनगढी उपमहानगरलाई समृद्ध बनाउन **“सुख, शान्ति र समृद्धिको शहर, कल्याणकारी धनगढी उपमहानगर"** भन्ने दीर्घकालिन सोचका साथ आर्थिक, सामाजिक, साँस्कृतिक, राजनीतिक र पर्यावरणीय विकासको लागि **"हाम्रो धनगढी, हामी बनाउँछौँ"** भन्ने अभियानलाई निरन्तरता दिदै अघि बढिरहेका छौँ।

**नगर सभाका सदस्यहरु,**

४. अब म यहाँहरु समक्ष चालु आर्थिक वर्ष २०८२।८३ को ज्येष्ठमसान्त सहित हालसम्म भए गरेका केही महत्त्वपूर्ण कार्यहरु संक्षेपमा प्रस्तुत गर्न चाहन्छु।

## (क) आर्थिक विकास तर्फ :

५. गत आर्थिक वर्षमा उपमहानगरको वडा नं. ७ मा १ र वडा नं. १७ मा २ गरी जम्मा ३ वटा पकेट क्षेत्रको ९५ विगाहा क्षेत्रफलमा विषादीरहित तरकारी खेती गरी १ सय १२ जना कृषकहरुलाई तालिम, बीउ तथा

कृषि औजार उपलब्ध गराईएकोमा उक्त कार्यक्रमबाट ४ मेट्रिक टन प्याज, २ सय १ मेट्रिक टन आलु र ७ सय मेट्रिक टन तरकारी उत्पादन भएको छ। चालु आर्थिक वर्षमा उक्त कार्यक्रमका लागि वडा नं. १७ मा १ पकेट क्षेत्र थप गरी जम्मा ४ वटा पकेट क्षेत्रको १ सय ३५ विगाहा क्षेत्रफलबाट १ सय ६० जना कृषकहरुले २५ मेट्रिक टन प्याज, २ सय २० मेट्रिक टन आलु र ९ सय ४० मेक्ट्रिक टन तरकारी उत्पादन गरेका छन्।

६. गत आर्थिक वर्षमा बेमौसमी तरकारी खेती गर्ने ६३ कृषकलाई ७४ पोलीहाउस निर्माण गर्न प्लाष्टिक उपलब्ध गराईएकोमा चालु आर्थिक वर्षको ज्येष्ठ मसान्तसम्म ९२ जना कृषकलाई १ सय ९ पोलीहाउस निर्माण गर्न प्लाष्टिक उपलब्ध गराईएको छ। गत आर्थिक वर्षमा सुरक्षित तरकारी खेतीका लागि आवश्यक मलखाद उत्पादन गर्न २० कृषकलाई ६० किलोग्राम गड्यौला वितरण गरिएकोमा चालु आर्थिक वर्षको ज्येष्ठ मसान्तसम्म ४० कृषकलाई २ सय ४५ किलोग्राम गड्यौला वितरण गरिएको छ।

७. गत आर्थिक वर्षमा १२ कृषक समूह र चालु आर्थिक वर्षको ज्येष्ठ मसान्तसम्ममा १२ कृषक समूहलाई च्याउखेती गर्नका लागि आवश्यक च्याउको बीउ तथा च्याउ उत्पादन गर्न आवश्यक पर्ने सामग्रीहरु उपलब्ध गराईएको छ। यसबाट कुल ६ सय कृषकहरु लाभान्वित भएका छन्।

८. गत आर्थिक वर्षमा ३ सय २७ कृषक तथा २४ कृषक समूहलाई विभिन्न जातको २१ हजार ६ सय किलोग्राम गहुँको बीउ वितरण गरिएकोमा चालु आर्थिक वर्षको ज्येष्ठ मसान्तसम्म २ सय ७७ कृषक तथा २६ कृषक समूहलाई ३१ हजार ८० किलोग्राम गहुँको बीउ वितरण गरिएको छ। यसबाट १ हजार ८ सय ७९ कृषकहरु प्रत्यक्ष लाभान्वित भएका छन्।

९. उपमहानगरक्षेत्रभरका कृषकहरुको खेतको माटो परीक्षण गर्नका लागि चालु आर्थिक वर्षमा उपमहानगर परिसरभित्र माटो परीक्षण प्रयोगशाला स्थापना गरिएको छ।

१०. उपमहानगरबाट हालसम्म ७ सय ३२ वटा सामुदायिक कुकुरहरुको बन्ध्याकरण तथा ८ सय ४० वटा कुकुरहरुलाई नि:शुल्क रेबिज विरुद्धको खोप लगाईएको छ।

११. गत आर्थिक वर्षमा खोरेत रोग विरुद्ध ३१ हजार ५०, पिपिआर रोग विरुद्ध १४ हजार ६ सय, लम्पी स्किन रोग विरुद्ध १ हजार ४ सय २२ चौपायाहरुलाई खोप लगाइएकोमा चालु आर्थिक वर्षको ज्येष्ठ

मसान्तसम्ममा खोरेत रोग विरुद्ध ५ हजार ७ सय, पिपिआर रोग विरुद्ध ९ हजार ९ सय ८०, स्वाइन फिभर रोग विरुद्ध ४ हजार ८ सय चौपायाहरुलाई खोप लगाईएको छ ।

१२. उपमहानगरका ४ स्थानका पशु सेवा केन्द्र मार्फत गत आर्थिक वर्षमा १३ हजार ५ सय २९ पशुपंछीलाई उपचार सेवा उपलब्ध गराइएकोमा चालु आर्थिक वर्षको ज्येष्ठ मसान्तसम्ममा ८ हजार ३ सय ६ पशुपंछीलाई उपचार सेवा उपलब्ध गराइएको छ । त्यसैगरी गत आर्थिक वर्षमा १ हजार १ सय ७२ कृषकले ल्याएका पशुपंछीका नमुनाको प्रयोगशाला परीक्षण गरिएकोमा चालु आर्थिक वर्षको ज्येष्ठ मसान्तसम्ममा ५ सय २८ पशुपंछीका नमुनाको प्रयोगशाला परीक्षण गरिएको छ ।

१३. उपमहानगरबाट चालु आर्थिक वर्षसम्म देवरिया, बेहडाबाबा र फुलबारीमा रहेका ३ वटा गौशालाका पशु चौपायाका लागि ३ हजार २ सय २५ किलोग्राम युरिया मोलासेस ब्लक, बेहडाबाबा र फुलबारीमा २ वटा गोबरबाट मल बनाउने मेशिन, इलेक्ट्रिकल च्याफ कटर मेशिन, २ वटा सामान बोक्ने ठेला, पराललाई डल्लो बनाउने मेशिन वितरण गरिएको छ । बेहडाबाबास्थित गौशालामा २ सय र फुलबारीस्थित गौशालामा ४ सय गाईवस्तुका लागि गोठ (Shed), गोदाम घर, स्टोर रुम, गड्यौला मल उत्पादन गर्न आवश्यक पर्ने संरचना निर्माण गरिएको छ ।

१४. गत आर्थिक वर्षमा १ हजार ३ सय ४५ गाई र ४ सय ३४ भैंसीमा कृत्रिम गर्भाधान सेवा उपलब्ध गराइएकोमा चालु आर्थिक वर्षको ज्येष्ठ मसान्तसम्ममा १ हजार २ गाई, ३ सय ७६ भैंसी र ६ बाख्रामा कृत्रिम गर्भाधान सेवा उपलब्ध गराईएको छ । यसबाट पशु नश्ल सुधार तथा पशु जन्य पदार्थको उत्पादनमा वृद्धि हुन सहयोग पुगेको छ ।

१५. उपमहानगरबाट अन्नबाली, फलफूल तथा तरकारी उत्पादन गर्ने तथा पशुपंछीपालनमा सहभागी कृषकहरुलाई नियमित रुपमा आवश्यक प्राविधिक सेवा उपलब्ध गराईएको छ ।

१६. पहिलो पटक २०८१ फागुन ८ गतेदेखि ४० दिनसम्म सञ्चालन भएको सीप तथा रोजगार मेलाबाट सुदूरपश्चिम प्रदेशका ३९ वटा स्थानीय तह समेतबाट १ हजार ४० जनालाई सहभागी गराई ८ क्षेत्रका २९ वटा विषयमा सिपमूलक तालिम सञ्चालन गरिएकोमा तालिम पश्चात २ सय २६ जना रोजगारीमा र १ सय ७२ जना स्वरोजगारमा संलग्न रहेका छन् भने दोस्रो पटक चालु आर्थिक वर्षमा सञ्चालित ४० दिने प्रदेशस्तरीय सीप तथा रोजगार मेला २०८२ मा सुदुरपश्चिम प्रदेशका ८३ वटा स्थानीय तहका ६ सयजना

सहभागीहरुलाई ७ क्षेत्रका २२ वटा विषयमा सीपमूलक तालिम प्रदान गरिएको छ । चालु आर्थिक वर्षको तालिमबाट ज्येष्ठ मसान्तसम्म ९८ जना रोजगारीमा र २० जना स्वरोजगारमा गरी १ सय १८ जनाले रोजगारी प्राप्त गरेका छन् ।

१७. गत आर्थिक वर्षदेखि सञ्चालन गरिएको शनिबारीय महिला उद्यम बजारमा गत आर्थिक वर्षमा ७४ जना महिला उद्यमीहरु र चालु आर्थिक वर्षमा ७८ जना महिला उद्यमीहरूको सहभागिता रहेको छ । यसबाट सहभागी महिला उद्यमीहरुमध्ये २३ जना महिला उद्यमीहरुलाई आफूमा भएको पम्परागत घरायसी सीप तथा तालिम लिई हासिल गरेको आधुनिक सीपको उपयोग मार्फत वस्तु उत्पादन तथा विक्री गरी आर्थिक स्थिति सुधार गर्दै आत्मनिर्भर र उद्यमशील बन्ने अवसर प्राप्त भएको छ ।

१८. धनगढी उपमहानगरपालिका वडा नं. १८ फूलबारीस्थित धनगढी भोकेशनल स्कूलबाट गत आर्थिक वर्षमा प्लम्बिङ, विल्डिङ ईलेक्ट्रिसियन, वेल्डिङ र फर्निचर गरी ४ वटा विषयमा ३ सय ३७ जनालाई ३९० घण्टा अवधिको तालिम प्रदान गरिएकोमा चालु आर्थिक वर्षको ज्येष्ठ मसान्तसम्ममा प्लम्बिङ, विल्डिङ ईलेक्ट्रिसियन र वेल्डिङ गरी ३ वटा विषयमा २ सय ६८ जनालाई ३९० घण्टा अवधिको तालिम प्रदान गरिएको छ । यसबाट गत आर्थिक वर्षमा १ सय २६, चालु आर्थिक वर्षमा ९० गरी हालसम्म २ सय १६ जनाले रोजगारीको अवसर प्राप्त गरेका छन् ।

१९. उपमहानगरबाट गत आर्थिक वर्षमा ७ सय २ जना र चालु आर्थिक वर्षको ज्येष्ठ मसान्तसम्ममा १ सय २० जना गरी ८ सय २२ जनालाई बैदेशिक रोजगारसँग सम्बन्धित श्रम स्वीकृति तथा कल्याणकारी सेवा उपलब्ध गराईएको छ ।

२०. उपमहानगरक्षेत्रमा उपमहानगरको कार्यक्षेत्रभित्र पर्ने जम्मा १ सय ११ वटा सहकारी संस्थाहरु रहेकोमा गत आर्थिक वर्षसम्म २६ सहकारीले कोपोमिस (COPOMIS) मा आवद्ध भई सेवा प्रदान गर्ने गरिरहेकोमा चालु आर्थिक वर्षको ज्येष्ठ मसान्तसम्ममा थप २५ सहकारी संस्थाहरु कोपोमिसमा आवद्ध भई हालसम्म ५१ वटा सहकारीले आफ्नो सेवा कोपोमिसमार्फत प्रदान गरिरहेका छन् ।

२१. गत आर्थिक वर्षमा उपमहानगरक्षेत्रभित्रका २५ जना महिला उद्यमीलाई बेतबाँस सम्बन्धी स्तरोन्नती तालिम दिने र २ वटा महिला उद्यमी समूहका ११ जना सदस्यलाई व्यवसाय विस्तार गर्ने आधुनिक प्रविधियुक्त भाँडाकुडाहरु हस्तान्तरण गरिएकोमा चालु आर्थिक वर्षको ज्येष्ठ मसान्तसम्ममा २५ जना

महिला उद्यमीहरुलाई साँस्कृतिक पोशाक तयारी सम्बन्धी स्तरोन्नती तालिम र ५० जना महिला उद्यमीहरुका लागि जुत्ता चप्पल तथा बाँसका सामग्री उत्पादन तालिम प्रदान गरिएको छ।

**(ख) सामाजिक विकास तर्फ :**

२२. चालु आर्थिक वर्षमा **"दलित अभियन्ता जुठे दमाई छात्रवृत्ति कार्यक्रम"** अन्तर्गत सामुदायिक विद्यालयको कक्षा ८ देखि कक्षा १० सम्म अध्ययनरत दलित छात्राहरुलाई प्रति छात्रा २ हजार बराबरको शैक्षिक सामग्री उपलब्ध गराईएको छ । यस कार्यक्रमबाट ४० विद्यालयका ५ सय ७६ जना दलित छात्राहरु प्रत्यक्ष लाभान्वित भएका छन्।

२३. चालु आर्थिक वर्षमा **"दलित अभियन्ता टिकाराम पार्की छात्रवृति कार्यक्रम"** अन्तर्गत स्नातक तहमा शिक्षा विषय अध्ययनरत २, माध्यमिक तह कक्षा ११ मा शिक्षा विषय अध्ययनरत १ र डिप्लोमा तहमा कृषि विषय अध्ययनरत १ गरी ४ जना दलित छात्रालाई उनीहरु अध्ययनरत विद्यालय/क्याम्पसमा भुक्तानी गर्नु पर्ने सबै शुल्क बराबरको रकम छात्रवृति वापत उपलब्ध गराईएको छ।

२४. सामुदायिक विद्यालयमा अध्ययनरत बालविकास कक्षा देखि पाँच कक्षासम्म अध्ययनरत सबै र तोकिएका अन्य विद्यालयका तोकिएका कक्षाका विद्यार्थीहरुलाई दिवा खाजा खुवाउन केन्द्रिकृत भान्साघर निर्माणको कार्य सम्पन्न गरी सञ्चालन प्रक्रियामा रहेको छ।

२५. विगत आर्थिक वर्ष झैं चालु आर्थिक वर्षमा समेत विद्यालय तहको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि ३ जना विज्ञ स्रोत शिक्षक परिचालन, विद्यार्थी संख्या बढी र शिक्षक संख्या न्यून भएका १२ विद्यालयका आधारभूत तहमा ७ र माध्यमिक तहमा १२ गरी १९ जना शिक्षकको व्यवस्थापन, १ सय ४२ जना प्रारम्भिक बालविकास सहजकर्ता, २५ जना विद्यालय सहायक कर्मचारी, ६८ जना विद्यालय सहयोगी र ६ जना सामाजिक परिचालिकाको थप पारिश्रमिक व्यवस्थापन उपमहानगरको आन्तरिक स्रोतबाट गरिएको छ।

२६. विद्यालयमा कार्यरत जनशक्तिको पेसागत दक्षता अभिवृद्धिका लागि अंग्रेजी, गणित र विज्ञान विषयमा शिक्षक तालिम सञ्चालन गरिएको छ। यसबाट आधारभूत तहका १ सय ३५ र माध्यमिक तहका १ सय ३२ गरी जम्मा २ सय ६७ जना शिक्षकले पेशागत क्षमता अभिवृद्धिको अवसर प्राप्त गरेका छन्।

२७. काठमाण्डौं विश्व विद्यालयसँगको सहकार्यमा १६ दिने प्रधानाध्यापक नेतृत्व क्षमता विकास तालिम सञ्चालन गरिएको छ । यसबाट सामुदायिक विद्यालयका ६८ जना प्रधानाध्यापकहरुले नेतृत्त्व क्षमता विकासको अवसर प्राप्त गरेका छन् ।

२८. भवानी माध्यमिक विद्यालय, गौरीपुरका १४ र सिद्धनाथ माध्यमिक विद्यालय, सिद्धार्थनगरका १९ गरी ३३ जना विद्यार्थीहरुले **शुक्रबारीय सिप विकास कार्यक्रम** अन्तर्गत सञ्चालित मोबाइल तथा इलेक्ट्रोनिक्स तालिममा सहभागी भई पढ्दै सिप सिक्ने अवसर प्राप्त गरेका छन् ।

२९. पाँचवटा सामुदायिक विद्यालयमा **"सामुदायिक विद्यालय शैक्षिक गुणस्तर सुधार कार्यक्रम"** लागु भइरहेको छ । यी विद्यालयहरु सहित ११ वटा विद्यालयमा ५६ वटा स्मार्टबोर्ड, ५ ओटा विद्यालयमा हाईस्पिड इन्टरनेट र ८ वटा विद्यालयमा प्ले स्टेशन जडान गरिएको छ भने २ वटा विद्यालयमा ग्रासरुट क्रिकेट विकास कार्यक्रम र १२ वटा सार्वजनिक खेलमैदानमा ग्रासरुट फुटबल विकास कार्यक्रम सञ्चालन गरिएको छ ।

३०. **"सामुदायिक विद्यालय शैक्षिक गुणस्तर सुधार कार्यक्रम"** लागु भएका ५ ओटा सामुदायिक विद्यालय सहित १६ वटा सामुदायिक विद्यालयका प्रारम्भिक बालविकास कक्षा कोठामा रङरोगन, भित्तेलेखन, भित्तेचित्र निर्माण गर्ने कार्य गरिएको छ ।

३१. चालु आर्थिक वर्षको जेठ मसान्तसम्म ६ वटा सामुदायिक विद्यालयमा ६ वटा भवनहरु निर्माण भइरहेका छन् । विगत तीनवर्षको अवधिमा ३२ वटा सामुदायिक विद्यालयमा १ सय ५८ कक्षाकोठा सहित ३२ वटा भवनहरुको निर्माण कार्य सम्पन्न गरिएको छ ।

३२. विद्यालय तहको कक्षा १ देखि कक्षा ८ सम्मका लागि स्थानीय पाठ्यक्रममा आधारित पाठ्यपुस्तक **"हाम्रो धनगढी"** तयार गरी लागु गरिएको छ ।

३३. संस्थागत विद्यालयले नि:शुल्क अध्ययनका लागि अनिवार्य उपलब्ध गराउनु पर्ने छात्रवृति कोटा अन्तर्गत शैक्षिक सत्र २०८१ मा विज्ञानमा १ सय ५९, व्यवस्थापनमा ९४, शिक्षामा ५, कानूनमा ७ र होटेल म्यानेजमेन्टमा ११ गरी २ सय ७६, शैक्षिक सत्र २०८२ मा विज्ञानमा १ सय ४३, व्यवस्थापनमा १ सय १०, शिक्षामा ३, मानविकीमा १, कानूनमा ११ र होटेल म्यानेजमेन्टमा १५ गरी २ सय ८३ र चालु शैक्षिक सत्र २०८३ मा विज्ञानमा १ सय ७३, व्यवस्थापनमा १ सय ३९, शिक्षामा ९, मानविकीमा २,

कानूनमा ९ र होटेल म्यानेजमेन्टमा २६ गरी ३ सय ५८ विद्यार्थी सहित हालसम्म ९ सय १७ विद्यार्थीहरुलाई कक्षा ११ र कक्षा १२ मा निःशुल्क अध्ययनको व्यवस्था मिलाईएको छ।

३४. धनगढी रङ्गशालामा सम्पन्न शैक्षिक सत्र २०८२ को उपमहानगरस्तरीय **राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता**मा ५२ विधामा ४६ सामुदायिक र २१ संस्थागत विद्यालयका २ हजार १ सय ८६ जना खेलाडी विद्यार्थीहरुले भाग लिएका छन् । जिल्लाको बर्दगोरियामा सम्पन्न **जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता**मा १ सय १६ जना खेलाडी विद्यार्थीलाई सहभागी गराइएकोमा सहभागी खेलाडीहरुबाट ३० स्वर्ण, १४ रजत र ८ कास्य गरी जम्मा ५२ पदकसहित **उपमहानगरलाई प्रथम स्थान** हासिल गराउन सफल भएका छन्।

३५. **ग्रासरुट लेभल क्रिकेट विकास** कार्यक्रम सञ्चालन भएका विद्यालयका उत्कृष्ट खेलाडीहरुमध्येबाट ४ जना खेलाडीहरुलाई सन् २०२६ फ्रेबुअरी ७ देखि १८ गतेसम्म छिमेकी राष्ट्र मुम्बईमा भएको विश्वकप क्रिक्रेटको खेल अवलोकन गराई खेलसम्बन्धी वृहत सिकाइ अनुभव हासिल गर्ने अवसर उपलब्ध गराइएको छ।

३६. गत आर्थिक वर्षबाट सामुदायिक विद्यालयको सम्पत्ति व्यवस्थापन गर्ने प्रयोजनको लागि सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार विद्यालय व्यवस्थापन समितिको निर्णय बमोजिम ठेक्का प्रक्रिया सुरुवात गर्ने गरिएकोमा चालु आर्थिक वर्षको ज्येष्ठ मसान्तसम्म ३५ वटा सामुदायिक विद्यालयको सम्पत्ति व्यवस्थापन गरिएको छ।

३७. आर्थिक वर्ष २०७९।८० श्रावण १ गते देखि सञ्चालन भएको विशेषज्ञ वडा स्वास्थ्य क्लिनिकबाट चालु आर्थिक वर्षको ज्येष्ठ मसान्तसम्ममा ३६ हजार ६ सय २१ गरी हाल सम्म कुल १ लाख ७१ हजार ९ सय २ सेवाग्राहीले सेवा प्राप्त गरेका छन् । यसै कार्यक्रम अन्तर्गत २ हजार २ सय ५४ गर्भवतीको अल्ट्रासाउण्ड गरिएकोमा ३१ जनामा जटिलता पश्चात रेफर गरिएको छ। हाल सम्म कुल ८ हजार ९ सय ९४ गर्भवती महिलाहरुको अल्ट्रासाउण्ड गरिएकोमा ती मध्ये १ सय १३ जनामा जटिलता पहिचान पश्चात रेफर गरिएको छ।

३८. **"आमा बचाउ कार्यक्रम"** मार्फत चालु आर्थिक वर्षको ज्येष्ठ मसान्तसम्ममा ७ सय ११ गरी हालसम्म १ हजार ७ सय ४५ जनाले निःशुल्क एम्बुलेन्स सेवा प्राप्त गरेका छन्।

३९. आर्थिक वर्ष २०८२।८३ श्रावण १ गते देखि नेपाल रेडक्रस सोसाइटी, कैलाली शाखासँग समन्वय गरी उपमहानगरले सम्पूर्ण लागत खर्च भुक्तानी गर्ने व्यवस्था मिलाई उपमहानगरबासीलाई उपचारको क्रममा आवश्यक पर्ने रगत तथा रगतजन्य पदार्थ निःशुल्क उपलब्ध गराउने व्यवस्था मिलाइएको छ । चालु आर्थिक वर्षको ज्येष्ठ मसान्तसम्ममा ३ सय ९ जनालाई ८ सय ४३ पिन्ट रगत गरी हालसम्म कुल ७ सय ६९ जनालाई २ हजार ३ सय ८३ पिन्ट रगत तथा रगत जन्य पदार्थ उपलब्ध गराइएको छ ।

४०. चालु आर्थिक वर्षमा उपमहानगरपालिकाद्वारा सञ्चालित प्रजनन रुग्णता कार्यक्रम मार्फत २ हजार ३ सय ११ जना महिलाको पाठेघरको मुखको क्यान्सरको स्क्रिनिङ, २ हजार २ सय ५ जना महिलाको स्तन क्यान्सर र फिस्टुलाको जाँच गरिएकोमा हाल सम्म यस कार्यक्रम अन्तर्गत कुल ९ हजार ७ सय ९२ जना महिलाको पाठेघरको मुखको क्यान्सरको स्क्रिनिङ र ५ हजार ५ सय ७६ जना महिलाको स्तन क्यान्सरको स्क्रिनिङ गरिएको छ ।

४१. **क्षयरोग स्क्रिनिङ कार्यक्रम** अन्तर्गत एआई एक्सरे (AI Xray) र जिन एक्सपर्ट (Gene Expert) विधिबाट ७ सय ७१ जनाको स्क्रिनिङ गरिएकोमा ३ जना नयाँ क्षयरोगी पत्ता लगाई उपचारको दायरामा ल्याइएको छ ।

४२. **राष्ट्रिय पोषण लेखाजोखा अभियान** अन्तर्गत ६ महिना देखि ५ वर्ष मुनिका ११ हजार १ सय ४७ जना बालबालिकाको पोषण लेखाजोखा गरी कुपोषित पहिचान गरिएका १ हजार १ सय ७२ जना बालबालिकालाई आवश्यक परामर्श र उपचारको दायरामा ल्याइएको छ ।

४३. **खोज र खोप अभियान** अन्तर्गत १५ महिना मुनिका ९ हजार ४८ जना बालबालिकालाई घरभेट गरी २ जना शुन्य डोजका र ६४ जना डिफल्टर भएका बालबालिकालाई नियमित खोप कार्यक्रमको दायरामा ल्याई खोप लगाउने कार्य गरिएको छ ।

४४. उपमहानगरक्षेत्रका सबै विद्यालयका कक्षा ६ मा अध्ययनरत २ हजार ३ सय ९१ जना विद्यार्थी र १० वर्ष उमेरका किशोरीहरुलाई पाठेघरको मुखको क्यान्सर विरुद्ध **एच.पि.भि.खोप अभियान**मार्फत खोप लगाइएको छ । यस अभियानबाट हालसम्म १२ हजार ५ सय २६ जना किशोरीहरुलाई पाठेघरको मुखको क्यान्सर विरुद्धको खोप लगाइएको छ ।

४५. आर्थिक वर्ष २०८०।८१ को भाद्र महिनादेखि सुरु गरिएको लागु पदार्थ दुर्व्यसनी सम्बन्धी जनचेतनामुलक कार्यक्रमबाट चालु आर्थिक वर्षमा सामुदायिक विद्यालयका २ हजार ७ सय ९७ छात्रा तथा १ हजार ६ सय ८१ छात्र र संस्थागत विद्यालयका २ हजार ८ सय ७८ छात्र तथा १ हजार ८ सय ५१ छात्रा गरी ४ हजार ७ सय २९ र समुदाय/आमा समुह/टोल विकास संस्थाका १२ हजार १ सय ७ गरी हाल सम्म सामुदायिक विद्यालयका ४ हजार ९ सय १७ छात्रा र ४ हजार ३ सय ९७ छात्र तथा संस्थागत विद्यालयका ३ हजार ९७ छात्रा र ४ हजार ४ सय ३० छात्र तथा समुदाय/आमा समुह/टोल विकास संस्थाका १६ हजार ७ सय ४७ जनालाई जनचेतना सञ्चालक परिचालन गरी लागुपदार्थ तथा दुर्व्यसन विरुद्धको जनचेतना कार्यक्रम सञ्चालन गरिएको छ।

४६. गत आर्थिक वर्षमा एकीकृत फोहोरमैला व्यवस्थापन केन्द्र रहेको वडा नं. ७ पटेलाका १ सय १५ घरधुरीका ५ सय ५३ व्यक्तिहरुको **नि:शुल्क स्वास्थ बीमा** गरिएको छ। यस आर्थिक वर्षमा १ सय २३ घरधुरीका ५ सय ५९ व्यक्तिहरुको **नि:शुल्क स्वास्थ्य बीमा** गर्ने काम भईसकेको छ।

४७. चालु आर्थिक वर्षमा अपाङ्गता भएका व्यक्तिहरुलाई निःशुल्क अपाङ्गता सहायता सामग्री वितरण गर्नका लागि ह्वीलचियर ६४ थान, ट्राई साइकल १५ थान, बैशाखी १३ थान, कम्बोड चियर १३ थान, वाकर १८ थान, एसआई चियर ३ थान, स्पाइन्ल ब्रेस १ थान, डाईपर ५ थान, कप स्पाइन्ट ३८ थान, सेतो छडी १८ थान, विलो नि प्रोथेसिस (Below Knee Prosthesis) २ थान, लाठी ७० थान, इयर म्याट्रेस ५ थान गरी जम्मा २ सय ६५ थान सहायक सामग्री निःशुल्क उपलब्ध गराउनका लागि खरिद प्रकृया अगाडी बढाईएको छ भने हालसम्म ह्वीलचियर १ सय ५७ थान, ट्राई साइकल १९ थान, बैशाखी २० थान, कम्बोड चियर १९ थान, वाकर १८ थान, एसआई चियर ३ थान, स्पाइन्ल ब्रेस १ थान, डाईपर ५ थान, कप स्पाइन्ट ३८ थान, सेतो छडी १८ थान, विलो नि प्रोथेसिस २ थान, लाठी ७० थान, इयर म्याट्रेस ५ गरी जम्मा ३ सय ८५ थान सहायक सामग्री वितरण गरिएको छ ।

४८. चालु आर्थिक वर्षको ज्येष्ठमसान्तसम्म प्रत्येक महिनाको २ पटक अपाङ्गता समन्वय समितिको बैठक बसी अपाङ्गता भएका व्यक्तिहरु **'क' वर्ग**का ५ जना, **'ख' वर्ग**का ६५ जना, **'ग' वर्ग**का १३ जना र **'घ' वर्ग**का १० जना गरी जम्मा ९३ जनालाई अपाङ्गता परिचय पत्र वितरण गरिएको छ।

४९. चालु आर्थिक वर्षमा उपमहानगरद्वारा सञ्चालित अल्पकालिन महिला सुरक्षित आवास गृह **(सेफ हाउस)** बाट यौन हिंसाका २२ जना, शारीरिक हिंसाका ५१ जना, मानसिक हिंसाका १८ जना, स्रोत

साधनबाट बन्चित गरिएका ९ जना, बाल विवाहका ३ जना, बहुविवाहका ७ जना गरी जम्मा १ सय १० जनालाई सेवा उपलब्ध गराईएकोमा हालसम्म सेफ हाउस मार्फत विभिन्न प्रकृतिका हिंसामा परेका ४ सय ७२ जना महिला तथा बालबालिकाहरुले १ हजार ३ सय २१ पटक सेवा उपलब्ध गराईएको छ।

५०. चालु आर्थिक वर्षमा उपमहानगरपालिकाका सबै वडाहरुको प्रतिनिधित्व हुने गरी १ सय ४६ जना एकल महिला (बिधवा) सहित २ सय ६ जना ज्येष्ठ नागरिक तथा भगतजीहरुलाई धार्मिक भ्रमण अन्तर्गत मुक्तिनाथ दर्शन गराइएको छ। आर्थिक वर्ष २०८०।८१ देखि सुरु गरिएको यस कार्यक्रम मार्फत हाल सम्म ७ सय ३१ जना ज्येष्ठ नागरिक तथा भगतजीहरु र १ सय ४६ जना एकल महिला (विधवा) लाई बाग्लुङ कालिका मन्दिर, मुक्तिनाथ, कागबेनी, पोखरा बिन्दवासिनी, देवघाट, सिजी मन्दिर लगायतका धार्मिक स्थलको भ्रमण गराइएको छ।

५१. मृतकको सम्मानका लागि आर्थिक वर्ष २०८०।८१ मा ३ सय ४२ जना, आर्थिक वर्ष २०८१।८२ मा ३ सय ७१ जना र आर्थिक वर्ष २०८२।८३ जेष्ठ मसान्तसम्म ३ सय ९० जना गरी हालसम्म १ हजार १ सय ३ जना मृतकलाई उपमहानगरपालिकाको झण्डा ओढाई नगर प्रहरीबाट सलामी अर्पण गरिएको छ। ती सबै मृतकका परिवारलाई प्रति परिवार ५ हजार रुपैयाँका दरले हालसम्म कुल ५५ लाख १५ हजार रुपैयाँ दाहासंस्कार खर्च उपलब्ध गराइएको छ भने थप १ सय ३५ जना मृतकलाई उपमहानगरपालिकाको झण्डा ओढाई नगर प्रहरीद्वारा सलामी अर्पण गरिएको छ।

५२. चालु आर्थिक वर्षदेखि सुदूरपश्चिम प्रदेशको बाजुरा जिल्लास्थित प्रसिद्ध धार्मिक स्थल बडीमालिका मन्दिरमा लाग्ने धार्मिक मेलाको अवसरमा यस उपमहानगरपालिकाको तर्फबाट नगरवासीको सुख, शान्ति एवम् सम्बृद्धिको लागि बडीमालिका भगवतीको मन्दिरमा धार्मिक पुजा गर्न एक प्रतिनिधिमण्डल पठाउने परम्पराको थालनी गरिएको छ।

५३. समग्र सुदूरपश्चिम प्रदेशको पर्यटन विकासका लागि नेतृत्त्वदायी भूमिका निर्वाह गर्न **"हाम्रो सुदूरपश्चिम, हामी चिनाउँछौ"** अभियान अन्तर्गत चालु आर्थिक वर्षमा नगर प्रमुखको नेतृत्त्वमा सुदूरपश्चिमको दार्चुला जिल्लास्थित अपि बेस क्याम्प, अछामको पर्यटकीय क्षेत्र पञ्चदेवल, बैद्यनाथ धाम र रामारोशन, सैपाल हिमालको पूर्वी बेशक्याम्प रानिसैनीको पर्यटन प्रवर्द्धन भ्रमण सम्पन्न गरिएको छ।

५४. **"सडक मानवरहित धनगढी"** कार्यक्रम अन्तर्गत आर्थिक २०७९।८० देखि आर्थिक वर्ष २०८१।८२ सम्म उक्त क्षेत्रमा काम गर्ने संस्थाहरु क्रमश: मानव सेवा आश्रम र दृष्टि फाउण्डेसन नेपाललाई प्रति वर्ष पाँच/पाँच लाख रुपैयाँका दरले हालसम्म ३० लाख अनुदान उपलब्ध गराईएको छ । चालु आर्थिक वर्षमा सोही कार्यक्रममा दुवै संस्थालाई क्रमश: चार/चार लाख रुपैयाँ अनुदान निकासा प्रक्रियामा रहेको छ । यसबाट उपमहानगरलाई सडक मानवरहित बनाउन मद्दत पुगेको छ ।

## (ग) पूर्वाधार विकास तर्फ :

५५. चालु आर्थिक वर्षको जेठ मसान्तसम्ममा थप १ गरी हालसम्म १५ वटाताललाई पुनर्भरण सहित आर्थिक एवम् पर्यटकीय क्षेत्रका रुपमा विकास गर्ने कार्य अगाडी बढाईएको छ । ५ दशमलब ३ किलोमिटर सहित हालसम्म जम्मा ३० दशमलब ७ किलोमिटर सडकमा कालोपत्रे गर्ने काम सम्पन्न गरिएको छ । वडा नम्बर ५ कृष्ण बहादुर महराको घर नजिकको खोलामा बक्स कल्भर्ट निर्माण गरिएको छ । वडा नं. ६ को दोघरा जाली जोड्ने सुकुटी खोला र जोखैया नाला सेहरी जाने बाटो वडा नं. ११ मा मोटरेबल पुल निर्माण गरिएको छ । उपमहानगरका विभिन्न स्थानमा हालसम्म १४ वटा मोटरेबल पुल निर्माण भई सञ्चालनमा ल्याईएका छन् । वडा नं. ४ र वडा नं. ५ जोड्ने राष्ट्रिय आधारभूत विद्यालय नजिकको खोला, वडा नं. १६ को भादा खोला र वडा नं. १७ को सरौटा खोलामा गरी ३ स्थानमा ३ वटा मोटरेबल पुलको निर्माण कार्य सञ्चालन भईरहेको छ ।

५६. चालु आर्थिक वर्षको जेठ मसान्तसम्ममा १९ वटै वडाका विभिन्न सडकहरुमा ३७ दशमलब ७ किलोमिटर सहित हालसम्म १९ वटै वडाका विभिन्न सडकको १ सय ८० दशमलब ७ किलोमिटर लम्बाईमा आफ्नै स्रोतसाधनको प्रयोग गरी ग्राभेल गर्ने काम सम्पन्न गरिएको छ । यस आर्थिक वर्षको ज्येष्ठ मसान्तसम्ममा ६ वटा पार्किङ स्थलको ६ हजार ६० वर्गमिटर सहित हाल सम्म १४ वटा पार्किङ स्थलको १२ हजार ५ सय ५० वर्गमिटर क्षेत्रफलमा भरान गरी पार्किङस्थल निर्माण गर्ने काम सम्पन्न गरिएको छ ।

५७. शहरका मुख्य क्षेत्रमा ७ वटा सुविधा सम्पन्न सार्वजनिक शौचालय निर्माणको कार्य सञ्चालन गरिएकोमा हालसम्म २ वटा शौचालयको निर्माण कार्य सम्पन्न भईसकेको छ । शहरका मुख्यक्षेत्रमा सर्वसाधारण

वटुवाहरुलाई सहुलियत दरमा शुद्ध खानेपानी उपलब्ध गराउन २ वटा ठाउँमा वाटर एटिएम (Water ATM) जडान गर्ने कार्यसम्पन्न गरिएको छ।

५८. चालु आर्थिक वर्षको ज्येष्ठ मसान्तसम्ममा उपमहानगरका विभिन्न क्षेत्रमा १ हजार ७४ वटा घरहरु निर्माणका लागि घर निर्माण इजाजत पत्र उपलब्ध गराईएको छ।

५९. उपमहानगरमा गत आर्थिक वर्षसम्ममा १० टिप्पर, ७ व्याक हो लोडर, ८ ट्रयाक्टर, १ रोड वासर, १ ब्रुमर, १ मिनि डम्पर, १ कम्प्याक्टर, ६ पानीटंकी सहितका गाडी, १ ईलेक्ट्रोनिक कन्टेनर, १ अटो गरी ३७ साधन मार्फत विकास निर्माण तथा सरसफाई कार्य हुँदै आएको छ।

६०. नि:शुल्क एम्बुलेन्स सेवाका लागि ६ वटा एम्बुलेन्स, नि:शुल्क शब चिस्यान सेवाका लागि ६ वटा शब चिस्यान मेशिन, नि:शुल्क शब वहान सेवाका लागि १ शब वहान, सर्प उद्धारका लागि १ जीप, उपमहानगरीय प्रहरी बल मार्फत सेवा प्रवाहका लागि ७ थान सवारी साधन र फुलबारी-धनगढी-अत्तरिया रुटमा नगरबस सेवा सञ्चालनका लागि ६ नगरबसको व्यवस्था गरी सेवा उपलब्ध गराईएको छ।

६१. चालु आर्थिकको ज्येष्ठ मसान्तसम्ममा विकास निर्माणको काममा प्रयोग गर्न रोलर १, ग्रेडर १, कृषकहरुले उत्पादन गरेको तरकारी बजारसम्म ढुवानी गर्नका लागि इलेक्ट्रोनिक अटो ३, सामुदायिक विद्यालयका विद्यार्थीहरुलाई दिवा खाजा ढुवानी गर्ने फुड क्यारियर २ थान खरीद गरी प्रयोगमा ल्याउने व्यवस्था मिलाईएको छ भने उपमहानगरको थप क्षेत्रमा नगर बस सेवा सञ्चालनका लागि ६ वटा इलेक्ट्रोनिक मिनीबस खरीद प्रक्रियामा रहेको छ।

६२. चालु आर्थिक वर्षसम्ममा उपमहानगरका १८ वटा वडाका वस्तीहरुको तहगत क्षेत्र निर्धारण गरिएको छ। उपमहानगरक्षेत्रभित्र भूमिहिन सुकुम्वासी, भूमिहिन दलित र अव्यवस्थित वसोबासी व्यवस्थापन प्रयोजनका लागि हालसम्म २ हजार ३ सय ५० विगाहा सरकारी/सार्वजनिक जग्गाको नाप नक्साङ्कन कार्य सम्पन्न गरिएको छ।

६३. उपमहानगरको वडा नम्बर १ देखि वडा नम्बर ५ मा घर नम्बर प्लेट जडान गर्ने कार्य सम्पन्न गरिएको छ भने वडा नम्बर ८ मा घर नम्बर प्लेट जडान गर्ने कार्य भईरहेको छ। उपमहानगरका वडा नम्बर १४ देखि वडा नम्बर १९ सम्मका सबै सामुदायिक विद्यालयको चलन भोगमा रहेको सार्वजनिक जग्गाको नक्साङकन कार्य गरिएको छ।

६४. चालु आर्थिक वर्षको ज्येष्ठ मासन्तसम्ममा उपभोक्ताको हकहित संरक्षणका लागि कुल ५१ पटक ६ सय ८ पसलको अनुगमन गरिएकोमा मापदण्ड भन्दा बाहिर रही पसल सञ्चालन गरेका, म्याद गुज्रेका सामग्री राखेका, दर्ता विना व्यवसाय सञ्चालन गरेका लगायतका कार्य गर्ने ३ वटा पसल व्यावसायीलाई जरिवाना गरी सचेत गराईएको छ।

६५. धनगढी उपमहानगरपालिका र यूएनडीपी (UNDP) को ग्रीन ट्रान्जिसन इन नेपाल (GTiN) परियोजनाको साँझेदारीमा सूचना प्रविधि मैत्री सेवा प्रवाह गर्न स्थापना हुने एकिकृत डिजिटल प्रणाली (UDGP – Unified Digital Governance Platform) का लागि ३ वटा मोड्युल (E-KYC, Sifarish र File Tracking System) तयार गरिएको छ।

६६. उपमहानगरको जेन-जी सडक (पार्क मोड) मा रहेको पार्कको दक्षिण पट्टी २५ X १५ फिटको डिजिटल एलइडी स्क्रिन (LED Screen) तथा अडियो उपकरण जडान गर्ने कार्य अन्तिममा चरण रहेको छ।

६७. धनगढी उपमहानगरपालिका मातहतका सम्पूर्ण कार्यालय र सामुदायिक विद्यालयहरुमा ई-हाजिरी उपकरण, मातहतका सम्पूर्ण कार्यालय तथा ५ वटा नमुना सामुदायिक विद्यालयमा उच्च गतिको इन्टरनेट सेवा जडान गरी सञ्चालनमा ल्याइएको छ।

६८. नेपाल सरकारको सूचना प्रविधी विभागद्वारा निर्माण गरिएको नेपाल सरकारको गेटवे प्रयोग गरी एस.एम.एस. प्रणाली सञ्चालनका लागि सूचना प्रविधी विभाग, नेपाल टेलिकम र एनसेलसँग त्रिपक्षीय सम्झौता गरी सस्तो र सुलभ एस.एम.एस. सेवा प्रणाली प्रयोगमा ल्याईएको छ।

६९. **"उज्यालो धनगढी कार्यक्रम"** अन्तर्गत गत आर्थिक वर्ष सम्ममा मुख्य सडकका २ सय ८८ पोलमा ५ सय ९० स्मार्ट स्ट्रीट लाईट जडान गरिएकोमा चालु आर्थिक वर्षको ज्येष्ठ मसान्तसम्ममा २ सय ९६ पोलमा ४ सय ६४ स्मार्ट स्ट्रीट लाईट थप गरी हाल सम्म ५ सय ८४ पोलमा १ हजार ५४ स्मार्ट स्ट्रीट लाईट जडान गरिएको छ भने २ सय ९२ स्मार्ट स्ट्रीट लाईटको जडान कार्य भईरहेको छ।

७०. उपमहानगरका केही मुख्य तथा भित्री सडकमा गत आर्थिक वर्ष सम्ममा विद्युतको पोलमा समेत गरी १ हजार ७ सय १४ स्ट्रीट लाईट जडान गरिएकोमा चालु आर्थिक वर्षको ज्येष्ठ मसान्तसम्ममा ९ पोलमा ९ स्ट्रीट लाईट जडान कार्य सम्पन्न गरी हालसम्म १ हजार ७ सय २३ थान स्ट्रीट लाईट जडान गरी उज्यालो

गरिएको छ भने चालु आर्थिक वर्षमा १ हजार ९ सय ८ स्ट्रीट लाईटको जडान कार्य अन्तिम चरणमा रहेको छ ।

७१. उपमहानगरका विभिन्न मुख्य चोक र धार्मिक क्षेत्रमा गत आर्थिक वर्ष सम्ममा ३० थान हाई मास्ट लाईट जडान गरिएकोमा चालु आर्थिक वर्षको ज्येष्ठ मसान्तसम्ममा थप ३ हाई मास्ट लाईट जडान गरी हालसम्म ३३ हाई मास्ट लाईट जडान गरी सञ्चालनमा ल्याईएको छ । चालु आर्थिक वर्षमा २४ थान हाई मास्ट लाईटको जडान कार्य भईरहेको छ ।

७२. उपमहानगरका मुख्य सडकमा रात्रीकालीन सौन्दर्यकरण गर्न गत आर्थिक वर्षसम्म ७ सय ८७ पोल, १ सय ९२ थान टि-गार्ड र २ वटा स्वागत गेटमा रोप लाईट जडान कार्य गरिएकोमा चालु आर्थिक वर्षमा ५ सय ८८ थान पोल तथा ५८ थान टि-गार्डमा रोप लाईट जडान कार्य भई हालसम्ममा ७ सय ८७ पोल, १ सय ९२ टि-गार्ड र २ वटा स्वागत गेटमा रोप लाईट जडान कार्य गरी सञ्चालनमा ल्याईएको छ ।

## (घ) वन, वातावरण तथा विपद् व्यवस्थापन तर्फ :

७३. आर्थिक वर्ष २०७९।८० बाट सुरु गरिएको **"हरियाली प्रवर्द्धन कार्यक्रम"** अन्तर्गत व्यक्ति तथा संघसंस्थाहरुको सहयोग समेतबाट उपमहानगरक्षेत्रका सडक मिडियम तथा सडक किनारामा गत आर्थिक वर्षसम्म १६ हजार ४ सय ५५ तथा चालु आर्थिक वर्षको ज्येष्ठ मसान्तसम्ममा १३ हजार ५ सय ४३ गरी हालसम्म २९ हजार ९ सय ९८ विरुवा रोपेर हुर्काई हरियाली प्रवर्धन गर्ने कार्य गरिएको छ । यसै कार्यक्रम अन्तर्गत गत आर्थिक वर्षसम्ममा ५३ वटा सामुदायिक विद्यालयमा अम्बाका १ हजार ८ सय र आँपका २ हजार ७ सय गरी ४ हजार ५ सय तथा चालु आर्थिक वर्षको ज्येष्ठ मसान्सम्ममा आँपका १ हजार ५ सय विरुवा रोपेर हालसम्म आँपका ४ हजार २ सय र अम्बाका १ हजार ८ सय गरी जम्मा ६ हजार फलफुलका बोटहरु रोपेर हुर्काउने काम गरिएको छ ।

७४. चालु आर्थिक वर्षको ज्येष्ठ मसान्तसम्ममा उपमहानगरपालिकाको दमकल तथा आवश्यक उपकरणहरु प्रयोग गरी १ सय ३१ स्थानमा विभिन्न कारणले आगलागी भई घटेको आगलागी सम्बन्धी घटनालाई नियन्त्रणमा लिईएको छ ।

७५. चालु आर्थिक वर्षको ज्येष्ठ मसान्तसम्ममा विभिन्न प्रजातिका १ हजार ४ सय ८५ गरी हालसम्म ३ हजार ६ सय ९८ सर्प उद्धार गरी सुरक्षित स्थानमा स्थानान्तरण गरिएको छ ।

७६. चालु आर्थिक वर्षको ज्येष्ठ मसान्तसम्ममा शितलहरको समयमा विभिन्न वडाका ५८ स्थानमा दाउरा वितरण गर्ने कार्य गरिएको छ । विपद्जन्य घटनामा परेका ६ जनालाई राहत उपलब्ध गराइएको छ । उपमहानगरका विभिन्न ६३ स्थानका बाटो तथा घरमा ढलेका रुखहरु व्यवस्थापन गरिएको छ ।

७७. चालु आर्थिक वर्षको ज्येष्ठ मसान्तसम्ममा उपमहानगरीय प्रहरी बलद्वारा कञ्चनपुर जिल्लामा अवस्थित बेलौरी नगरपालिका र लालझाडी गाउँपालिकाका ८ जना फायरमेनहरुलाई दमकल सञ्चालन सम्बन्धि ४ दिने तालिम प्रदान गरिएको छ ।

७८. चालु आर्थिक वर्षमा **"हाम्रो धनगढी, सफा धनगढी"** अभियान अन्तर्गत नगरजन्य फोहरमैला व्यवस्थापन कार्यलाई थप प्रभावकारी बनाउन, हरित रोजगार सिर्जना गर्न सुक्ष्म वर्गीकरण केन्द्रमा प्लाष्टिकजन्य वस्तुको अपसाइक्लिन (Upcycling) गर्ने मेसिन जडान गरिएको छ भने स्वास्थ्यजन्य फोहरमैला व्यवस्थापन गर्न सोही स्थान नजिक स्वास्थ्य जन्य फोहोरमैला व्यवस्थापन केन्द्र स्थापना गर्ने कार्य सम्पन्न गरिएको छ ।

७९. प्लाष्टिकको रिसाइकल तथा अप्साइकल (Recycling & Upcycling) गरी अन्तिम विसर्जनलाई कसरी कम गर्न सकिन्छ भन्ने विषयको अध्ययन अवलोकनका लागि नगर प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत र वडा अध्यक्ष सहितको टोलीबाट पोखरा महानगरपालिकामा सञ्चालित विभिन्न परियोजनाहरुको अवलोकन भ्रमण गर्ने कार्य गरी सिकाइ अनुभव प्राप्त गरिएको छ ।

८०. फोहोरमैला व्यवस्थापनमा जनसहभागिता बढाउनका लागि समुदायस्तर र शैक्षिक संस्थास्तरमा संचालित कार्यक्रमलाई निरन्तर रुपमा सञ्चालन गर्दै यस कार्यक्रमबाट हालसम्म समुदायस्तरका २ लाख ४५ हजार ३ सय ३ र शैक्षिकसंस्थास्तरका १ लाख ६५ हजार १ सय ५६ जनाबाट सरसफाई सम्बन्धी कार्य गरी **"हाम्रो धनगढी, सफा धनगढी"** अभियान मार्फत उपमहानगरपालिकालाई सफा र स्वच्छ बनाउने काममा सहयोग हुँदै आएको छ ।

८१. उपमहानगरपालिकाले परम्परागत सिप तथा प्रविधिको प्रयोगबाट वातावरण संरक्षण, नदी नियन्त्रण र स्थानीय अर्थतन्त्र सुदृढीकरणका लागि बाँस (Bamboo) लगाउने कार्यलाई प्रवर्द्धन गर्न वडा नं. ६ स्थित नर्सरीमा ७ हजार ५८ बाँसका विरुवा उत्पादन गरी हुर्काउने काम भइरहेको छ।

**(ङ) संस्थागत क्षमता अभिवृद्धि तथा मानव संशाधन विकास तर्फ :**

८२. चालु आर्थिक वर्षको ज्येष्ठ मसान्तसम्ममा वडास्तरमा सामाजिक परिचालक, वडा सचिव, सामुदायिक सिकाइ केन्द्रका सहजकर्ता र सहायक कर्मचारी गरी २५ जनालाई आधारभूत कम्प्युटर तालिम सञ्चालन गरी क्षमता विकासको अवसर प्रदान गरिएको छ।

८३. सुदूरपश्चिम प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ बमोजिम उपमहानगरको स्वीकृत दरबन्दीका विभिन्न पदमा कार्यरत कर्मचारीहरुको तह मिलान तथा तहवृद्धि गर्ने कार्य गरिएको छ।

८४. सुदूरपश्चिमको श्रीवृद्धिका लागि राजनीति, कला, साहित्य, खेलकुद, स्वास्थ्य, प्रशासन, शिक्षा लगायतका क्षेत्रमा महत्त्वपूर्ण योगदान पुर्‍याएका महानुभावहरुको तस्वीर सङ्कलन गरी वाल पेन्टिङ गर्ने कार्य गरिएको छ।

८५. स्थानीय परम्परा, चाडपर्वको संरक्षण एवम् प्रवर्द्धन गर्न वडा नं. १६ को बेहडाबाबा मन्दिरमा लाग्ने गंगा दशहरा मेला, गुरही पर्व र राना समुदायको तीजपर्वको अवसरमा स्थानीय विदा दिने गरिएको छ।

८६. कर्मचारीको कमीका कारण उपमहानगरबाट प्रदान गरिने दैनिक प्रशासनिक तथा प्राविधिक सेवामा अवरोध आउन नदिन, विद्यार्थीहरुलाई इन्टर्नशीपको माध्यमबाट कार्यालय कामकाजसम्बन्धी सिप विकास हासिल गर्ने अवसर प्रदान गर्न, शैक्षिक संस्थाहरुसँगको सहकार्यमा अध्ययनरत विद्यार्थीहरुलाई इन्टर्नशिप मार्फत कामकाजमा लगाउने कार्य गरिएको छ । यस आर्थिक वर्षमा यस अन्तर्गत उपमहानगरका १४ वडामा १६ जना विद्यार्थीहरुलाई काम गरेको दिनको आधारमा प्रतिदिन ५ सय रुपैयाँ निर्वाह खर्च दिई कामकाजमा लगाइएको छ।

८७. उपमहानगरमा कार्यरत कर्मचारीहरु विभिन्न कारणले अवकाश हुँदा अवकाश हुने कर्मचारीहरुलाई स-सम्मान विदाइ गरी पठाउने गरिएको छ।

८८. उपमहानगरीय प्रहरी बल अन्तर्गत उपमहानगरीय प्रहरी व्याण्ड सञ्चालन गरी उपमहानगरबासीका विवाह, वर्तबन्ध लगायतका शुभकार्यमा स:शुल्क प्रयोग गर्न सकिने व्यवस्था मिलाईएको छ भने

उपमहानगरबासीको मृत्यु हुँदा मृतकको सम्मानका लागि नि:शुल्क रुपमा विगुल बाजा सहित सम्मान गर्ने गरिएको छ ।

८९. उपमहानगरबाट प्रदान हुने सेवा प्रवाहका लागि हालसम्म ३८ ऐन, ४ नियमावली, ५० कार्यविधि, १२ नीति निर्देशिका र २ आचार संहिता निर्माण गरिएका छन् भने आवश्यकता अनुसार कानून निर्माण गर्ने कार्य नियमित रुपमा हुँदै आएको छ ।

९०. चालु आर्थिक वर्षको नीति तथा कार्यक्रममा उल्लेख भएको भलमन्सा, बडघर सम्बन्धी आवश्यक कानून निर्माणका लागि यस पूर्व सो सम्बन्धी कानून निर्माण भई कार्यान्वयन गरिरहेका कैलाली, बर्दिया, बाँके, दाङ र कञ्चनपुर जिल्लाका स्थानीय तहहरुको स्थलगत अवलोकन गरी अध्ययन गर्ने कार्य सम्पन्न गरिएको छ ।

९१. चालु आर्थिक वर्षको राजश्व तर्फको वार्षिक कुल लक्ष्य ५४ करोड ७९ लाख ६७ हजार १ सय ११ रुपैयाँ रहेकोमा २०८३ ज्येष्ठमसान्तसम्म ३० करोड २४ लाख ८१ हजार १ सय ९६ रुपैयाँ आम्दानी भएको छ । जुन आम्दानी चालु आर्थिक वर्षको कूल लक्ष्यको ५५ दशमलब २ शुन्य प्रतिशत हो भने गत आर्थिक वर्षको सोही अवधिको तुलनामा २ दशमलब २ प्रतिशतले बढी हो ।

**नगर सभा सदस्यहरु,**

९२. आगामी आर्थिक वर्ष २०८३।८४ को वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका आधारहरु देहाय बमोजिम रहेका छन् ;

- नेपालको संविधानको अनुसूची ८ र अनुसूची ९ ले निर्दिष्ट गरेका स्थानीय तहको एकल तथा साझा अधिकारहरु, मौलिक हकहरु, राज्यको नीति तथा निर्देशक सिद्धान्तहरु,
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४,
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४,
- सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ का सान्दर्भिक दफा तथा नियमहरु,
- सुशासन मार्गचित्र २०८२,

- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८,
- धनगढी उपमहानगरपालिकाबाट जारी गरिएका नीति तथा कानूनहरु,
- नेपाल सरकार तथा सुदूरपश्चिम प्रदेश सरकारले अङ्गिकार गरेका आर्थिक तथा वित्तीय नीतिहरु,
- नेपाल सरकारको सोह्रौं योजना र सुदूरपश्चिम प्रदेश सरकारको प्रथम पञ्चवर्षिय योजनाले निर्धारण गरेका लक्ष्य, नीति तथा प्राथमिकताहरु,
- नेपाल सरकार, मन्त्रीपरिषद्बाट स्वीकृत शासकीय सुधारसम्बन्धी एक सय कार्यसूचीहरु,
- नेपाल सरकार र सुदूरपश्चिम प्रदेश सरकारबाट प्राप्त बजेट र सोको साथमा प्राप्त बजेट तर्जुमा गर्दा लिनु पर्ने आधारहरु,
- राजनैतिक दलहरुबाट प्राप्त सुझावहरु,
- सहभागितामूलक योजना तर्जुमा प्रक्रिया मार्फत प्राप्त सुझावहरु,
- राजश्व परामर्श समितिको प्रतिवेदन एवम् सिफारिसहरु,
- विगतका वर्षहरुमा सम्पन्न भएका नगर सभा बैठकहरुबाट भएका निर्णयहरु,
- नगर कार्यपालिकाले योजना तर्जुमाका लागि निर्णय गरी तोकेका आधारहरु,
- विभिन्न विषयगत विज्ञहरुसँग छलफल गर्दा प्राप्त सुझावहरु,
- विभिन्न विषयगत शाखाहरुबाट प्राप्त राय-सल्लाह तथा सुझावहरु,
- नेपाल सरकारले प्रतिबद्धता जनाएका दिगो विकासका लक्ष्यहरु,
- उपमहानगरपालिकाको दिगो विकास लक्ष्य स्थानीयकरण प्रतिवेदन,
- उपमहानगरपालिकाको मध्यकालिन खर्च संरचना (MTEF) प्रतिवेदन,
- उपमहानगरपालिकाले स्वीकृत गरेका, विभिन्न नीति, ऐन, नियमावली र कार्यविधिहरु,
- उपमहानगरबासीबाट प्राप्त राय, सल्लाह तथा सुझावहरु ।

**नगर सभा सदस्यहरु,**

९३. आगामी आर्थिक वर्ष २०८३।८४ को वार्षिक नीति तथा कार्यक्रमको प्राथमिकताका क्षेत्रहरु निम्न अनुसार रहेका छन् ।

- स्वास्थ्यमा उपमहानगरबासीको सर्वशुलभ पहुँच पुर्‍याउन **“विशेषज्ञ वडा स्वास्थ्य क्लिनिक”** सञ्चालन,
- गुणस्तरीय विद्यालय शिक्षाका लागि “**सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार”,**
- **“हाम्रो धनगढी, सफा धनगढी”** अभियान मार्फत उपमहानगरको दिगो सरसफाई,
- पर्यावरणीय सुदृढीकरणका लागि “**हरियाली प्रवर्द्धन”,**
- **“उज्यालो धनगढी”** अभियान,
- आर्थिक, मौलिक तथा परम्परागत सँस्कृति, धार्मिक एवम् पर्यटकीय लगायतका क्षेत्र एवम् सम्भावनाहरुको पहिचान मार्फत समग्र सुदूर पश्चिमबासीको समृद्धिका लागि **“हाम्रो सुदूरपश्चिम, हामी चिनाउँछौं”** अभियान सञ्चालन,
- सीप तथा रोजगार मेला, महिला उद्यम बजार तथा सन्ध्याकालीन बजार सञ्चालन,
- लोक कल्याणकारी उपमहानर मार्फत सामाजिक विकास एवम् गरिवी न्यूनिकरण,
- कृषि तथा पशुपंक्षी उत्पादन, उत्पादकत्त्व अभिवृद्धि तथा व्यावसायीकरण,
- उद्यम विकास, सहकारीता मार्फत यूवा तथा अति विपन्नका लागि स्वरोजगार,
- खेलकुद क्षेत्रको विकास लागि ग्रासरुट लेभल खेलकुद विकास कार्यक्रम,
- भष्ट्राचार बिरुद्ध शून्य सहनशीलता,
- सार्वजनिक सेवा प्रवाहको व्यवस्थापन,
- दिगो, भरपर्दो पूर्वाधार निर्माण एवम् संरक्षण,
- आर्थिक विकास तथा राजश्व परिचालन,
- सूचना प्रविधि तथा सञ्चार,
- मानव संसाधन विकास तथा संस्थागत सुशासन,
- कला, साहित्य, संस्कृति तथा पर्यटन प्रवर्धन,
- वन तथा वातावरण संरक्षण एवम् सामुदायिक वनको दिगो उपयोग,

- हरित अर्थतन्त्र, जलवायु अनुकूलन, रोजगारी सिर्जना, वातावरण संरक्षण, स्थानीय सिपको उपयोग तथा आयआर्जन वृद्धिका लागि बाँस खेती,
- विपद् व्यवस्थापन,
- युवाशक्तिलाई लागू औषधको दुर्व्यसनबाट जोगाई सिर्जनशील, स्वस्थ र जिम्मेवार नागरिकका रूपमा विकास गर्न विद्यालय, समुदाय र सरोकारवालासँगको सहकार्यमा विशेष अभियान सञ्चालन,
- अशक्त, असहाय एवम् आर्थिक रुपले विपन्न गर्भवती महिला, जेष्ठ नागरिक एवम् अपाङ्गता भएका व्यक्तिहरुका लागि आवश्यक सहयोग।

**नगर सभाका सदस्यहरु,**

९४. अब म उपमहानगरपालिकाको आर्थिक वर्ष २०८३।०८४ मा सञ्चालन हुने गौरबका योजना तथा कार्यक्रम र समग्र नीति प्रस्तुत गर्न अनुमति चाहन्छु।

९५. उपमहानगरबासीको सु-स्वास्थ्यका लागि घरदैलोमा विशेषज्ञ स्वास्थ्य सेवा पुर्‍याउने हेतुले आर्थिक वर्ष २०७९।८० देखि निरन्तर सञ्चालन हुँदै आर्थिक वर्ष २०८२।८३ देखि नगर गौरबको कार्यक्रमका रुपमा सञ्चालन भईरहेको **"विशेषज्ञ वडा स्वास्थ्य क्लिनिक कार्यक्रम"** लाई आर्थिक वर्ष २०८३।८४ मा समेत उपमहानगरको गौरबको कार्यक्रमका रुपमा निरन्तर सञ्चालन गरिनेछ।

९६. सामुदायिक विद्यालयको शैक्षिक एवम् भौतिक स्थितिमा सुधार तथा जनशक्तिको क्षमता विकास मार्फत शैक्षिक गुणस्तर सुधारका लागि सञ्चालन भईरहेको **"सामुदायिक विद्यालय शैक्षिक गुणस्तर सुधार कार्यक्रम"** लाई आर्थिक वर्ष २०८३।८४ मा समेत उपमहानगरको गौरबको योजनाको रुपमा सञ्चालन गरिनेछ। यस अन्तर्गत ग्रासरुट लेभलमा फुटबल, क्रिकेट लगायतका खेलकुद विकास कार्यक्रम र दलित, छात्रा तथा अपाङ्गता भएका विद्यार्थीहरुका लागि विशेष शैक्षिक कार्यक्रमहरु समेत निरन्तर रुपमा सञ्चालन गरिनेछन्।

९७. उपमहानगरक्षेत्रको दिगो सरसफाई व्यवस्थापन गरी फोहर र दुर्गन्धले लाग्ने रोगको जोखिम घटाउन, प्रदुषण नियन्त्रण गर्न, स्वच्छ तथा आकर्षक वातावरण सिर्जना गर्न, पर्यावरण संरक्षणमा मद्दत पुर्‍याउन, सरसफाई अभियान मार्फत उपमहानगरबासीलाई सरसफाई सम्बन्धमा जागरुक बनाई उपमहानगरलाई

स्वच्छ र सफा उपमहानगरको रुपमा विकसित गर्न विगत आर्थिक वर्षदेखि सञ्चालन भई चालु आर्थिक वर्ष २०८२।८३ देखि नगर गौरबको कार्यक्रमका रुपमा सञ्चालन भईरहेको **"हाम्रो धनगढी, सफा धनगढी"** अभियान अन्तर्गतका कार्यक्रमहरुलाई उपमहानगरको गौरबका कार्यक्रमहरुको रुपमा निरन्तर सञ्चालन गरिनेछन्।

९८. वातावरणीय सन्तुलन मार्फत स्वस्थ्य जीवनशैलीको प्रोत्साहन, जैविक विविधताको संरक्षण, सौन्दर्य तथा पर्यटन प्रवर्द्धन गर्न तथा शहरी तापद्वीप प्रभाव घटाउनका लागि उपमहानगरक्षेत्रका सडकको सेडव्याक, खुला क्षेत्र, विद्यालय हाता, सार्वजनिक क्षेत्रमा वृक्षारोपण गरी विरुवा हुर्काउन आर्थिक वर्ष २०७९।८० देखि निरन्तर सञ्चालित **"हरियाली प्रवर्द्धन कार्यक्रम"** लाई आर्थिक वर्ष २०८३।८४ मा समेत उपमहानगरको गौरबको कार्यक्रमको रुपमा सञ्चालन गरिनेछ।

९९. रात्रीकालिन समयमा घट्नसक्ने सम्भावित अपराधिक गतिविधि न्यूनिकरणमा मद्दत पुर्‍याउन, सडक दुर्घटनाको सम्भावना कम गराउन, सार्वजनिक सुविधा सुधार गरी व्यावसायिक वातावरण प्रवर्द्धन गर्न, शहरी सौन्दर्य वृद्धि गर्न तथा डिजिटल स्मार्ट सिटी अवधारणामा सहयोग गर्दै उपमहानगरलाई सुरक्षित शहरको रुपमा विकसित गरी रात्रीकालीन बजार प्रवर्द्धन गर्न **"उज्यालो धनगढी कार्यक्रम"** लाई आर्थिक वर्ष २०८३।८४ मा समेत उपमहानगको गौरबको कार्यक्रमका रुपमा निरन्तर सञ्चालन गरिनेछ।

१००. **“हाम्रो सुदूरपश्चिम, हामी चिनाउँछौं”** अभियानलाई सुदूरपश्चिम क्षेत्रभरका पर्यटकीय, धार्मिक, साँस्कृतिक, आर्थिक क्षेत्रको पहिचान एवम् प्रचार प्रसारका लागि उपमहानगरले नेतृत्त्वदायी भूमिका निर्वाह गर्दै निरन्तर रुपमा सञ्चालन गरिनेछ।

१०१. उपमहानगरक्षेत्रका पर्यटकीय एवम् साँस्कृतिक सम्पदा तथा क्षेत्रको प्रवर्द्धनका लागि पूर्वाधार विकास, प्रचार प्रसार लगायतका कार्यहरु निरन्तर रुपमा सञ्चालन गरिनेछन्।

१०२. अपाङ्गता भएका उपमहानगरबासीहरुलाई खोजी खोजी नि:शुल्क अपाङ्गता सहायता सामग्री वितरण गर्ने कार्यलाई प्राथमिकतासाथ सञ्चालन गरिनेछ।

१०३. स्वदेश तथा विदेशमा श्रम तथा रोजगारमा संलग्न हुने चाहने नेपाली नागरिकलाई संघ तथा प्रदेश सरकारका निकाय, गैरसरकारी निकाय, निजी तथा सार्वजनिक क्षेत्र लगायतका रोजगारदाताहरुसँगको समन्वय, सहकार्य र साँझेदारीमा व्यावसायिक सीप विकास, रोजगार प्रवर्द्धन, उत्पादनशील रोजगारी

सिर्जना गर्नका लागि सीप तथा रोजगार मेलाको आयोजना गरी युवा रोजगारी लक्षित कार्यक्रम सञ्चालन गर्न २०८३ माघ ५ गतेदेखि ४० दिन अवधिको सुदूरपश्चिम प्रदेशस्तरीय सीप तथा रोजगार मेलाको सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

१०४. स्थानीय खानाका परिकार तथा सीपको प्रवर्धन, प्रोत्साहन एवम् महिलाहरुको आर्थिक स्थिति सुधारका लागि महिला उद्यम बजारलाई निरन्तर सञ्चालन गरिनेछ । युवाहरुलाई स्टार्ट अप व्यवसायमा संलग्न गराई व्यावसायी बनाउन आवश्यक सीप विकास गर्न र अध्ययनरत विद्यार्थीहरुलाई पढ्दै कमाउने अवसर प्रदान गर्नका लागि सन्ध्याकालिन बजार सञ्चालन गरिनेछ ।

१०५. स्थानीय स्वाद, संस्कृति र मौलिक परम्पराको संरक्षण गर्दै स्थानीय तथा आधुनिक खाद्य परिकारको प्रवर्द्धन, पर्यटन विकास, उद्यमशीलता अभिवृद्धि र स्थानीय अर्थतन्त्र सुदृढीकरणका लागि विभिन्न परिकारहरु समावेश हुने गरी **'फुड फेस्टिबल'** कार्यक्रम सञ्चालन गरिनेछ ।

१०६. उपमहानगरको पर्यावरणीय सुदृढिकरणका लागि शहरका खाली क्षेत्रमा फल लाग्ने र फुल फुल्ने विरुवाहरु रोपण गरी हुर्काउन **"जहाँ खाली, त्यहाँ हरियाली"** कार्यक्रम निरन्तर सञ्चालन गरिनेछ ।

१०७. उपमहानगरका ग्रामीण र शहरी क्षेत्रलाई एकापसमा जोडी आर्थिक गतिविधिहरु सञ्चालन गर्दै उपमहानगरबासीको आर्यआर्जनमा वृद्धि गर्न प्राथमिकताका साथ कार्यक्रमहरु सञ्चालन गर्ने नीतिलाई निरन्तरता दिईनेछ । उपमहानगरक्षेत्रका विभिन्न सडकहरुको निर्माण एवम् स्तरोन्नती गर्न आवश्यक उपकरणको खरिद तथा व्यवस्थापन गर्ने र सहुलियत दरमा सहज यातायात सेवाका लागि नगर बस सञ्चालन गरी सेवा प्रवाह गरिनेछ । यसका लागि हाल नगर बस सञ्चालन भएको रुट **फुलबारी-धनगढी-अत्तरिया** सहित **धनगढी-कनरी-रामपुर-चौमाला, धनगढी-पथरी-बनबेहडा, धनगढी-बेली-जुगेडा-घूईंयाघाट-बंगरा, धनगढी-घोडसुवा-स्याउले** रुटमा थप नगर बस सेवा सञ्चालन गरिनेछ ।

१०८. उपमहानगरपालिकाबाट सम्पादित कार्यहरुलाई पारदर्शी, जवाफदेही, मितव्ययी र गुणस्तर बनाई भ्रष्टाचार विरुद्धको शून्य शहनशीलताको नीति अवलम्बन गरी सुशासन अभिवृद्धि गर्न तथा सबै प्रकारका सेवा सुविधाहरुको न्यायोचित वितरणको व्यवस्था मिलाउन आवश्यक नीति अवलम्बन गरिनेछ ।

१०९. उपमहानगरक्षेत्रमा घट्ने विपद्‌जन्य घटनाबाट प्रभावित व्यक्तिहरुको उद्दार एवम् विपद्‌जन्य घटनाको पूर्व तयारी गर्न, मृतकको सम्मान गर्न, शब चिस्यान तथा शब वाहन सेवा सञ्चालन गर्न र उपमहानगरक्षेत्रभित्र सञ्चालन हुने विकास निर्माणका कार्यहरुको कार्यान्वयनमा आवश्यक सहयोग पुर्‍याउन तत्काल खट्न सक्ने गरी **"हर घडी, नगर प्रहरी"** अभियान मार्फत उपमहानगरीय प्रहरी बललाई साधन स्रोत सहित सुसज्जित गरी प्राथमिकताका साथ परिचालन गरिनेछ।

११०. धनगढी उपमहानगरपालिका र अन्य स्थानीय तह एवम् अन्य रोकारवालाहरुबीच सहकार्य, साँझेदारी र समन्वय गरी शिक्षा, स्वास्थ्य, फोहोरमैला व्यवस्थापन, रोजगार, दक्ष जनशक्ति, प्रविधि, पर्यटन, सँस्कृति, पूर्वाधार विकास लगायतका क्षेत्रहरुमा सहयोग आदान प्रदान गर्नका लागि दुईपक्षीय, बहुपक्षीय कार्यक्रमहरु प्राथमिकताका साथ सञ्चालन गर्ने नीति लिईनेछ।

१११. उपमहानगरको नीति तथा कार्यक्रमको कार्यान्वयनका लागि स्थानीय आवश्यकता एवम् प्राथमिकताका आधारमा धनगढी उपमहानगरपालिका र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघ-संस्था, व्यक्ति, निकाय, समुदायहरुसँग समन्वय र सहकार्य गरी साँझेदारीमा कार्यक्रमहरु सञ्चालन गर्ने तथा एक आपसमा सहयोगको आदान प्रदान गर्ने नीति लिईनेछ।

**नगर सभा सदस्यहरु,**

११२. अब म उल्लेखित नीतिहरु हासिल गर्ने क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न अनुमति चाहन्छु।

## (क) आर्थिक विकास नीतिः

११३. कृषि खेती, पशुपंक्षीपालन व्यवसाय, सहकारी, औद्योगिक एवम् पर्यटकीय क्षेत्रका वस्तु तथा सेवाको विकास एवम् बजारीकरण गर्दै उपमहानगरबासीको आयआर्जनमा बृद्धि गर्न आत्मनिर्भर, दिगो र फराकिलो आर्थिक विकास नीति लिइनेछ।

### कृषि विकास कार्यनीति :

११४. कृषिको माध्यमबाट कृषि उद्यम तथा व्यवसाय सञ्चालन गर्नका लागि बैंक तथा वित्तिय संस्थाहरुबाट आवश्यक ऋण सुविधा लिई व्यवसाय सञ्चालन गर्न चाहने कृषकहरुको ऋणको ग्यारेण्टी गर्न **निक्षेप तथा कर्जा सुरक्षण कोष** अन्तर्गत धनगढी उपमहानगरपालिका समेतको साँझेदारीमा स्थापना हुने **"ऋणीगत कृषि कर्जा सुरक्षण कार्यक्रम योजना कोष (Agri-CGF)"** मार्फत साना तथा मझौंला

कृषकहरुलाई सहुलियत ऋणमार्फत कृषि तथा पशुपंछीपालन व्यवसाय सञ्चालन गर्न आवश्यक कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाईनेछ ।

११५. उपमहानगरको आफ्नै प्रयोगशालामार्फत माटो परीक्षण गर्ने, कृषि क्षेत्रको तथ्याङ्क अद्यावधिक गर्ने, उप-महानगरक्षेत्रका व्यवसायी कृषकहरुलाई सक्षम, आत्मनिर्भर बनाउन कृषक तालिम एवम् उत्पादन तथा बजारीकरणका लागि आवश्यक सहयोग उपलब्ध गराउने नीतिलाई निरन्तरता दिईनेछ ।

११६. विषादी रहित सुरक्षित तरकारी खेती गर्न धनगढी उपमहानगरका विभिन्न वडामा पकेटक्षेत्र विस्तार गरिनेछ । खेतीयोग्य जमिनमा सिंचाई सुविधा विस्तारका लागि आवश्यक व्यवस्था मिलाईनेछ । उन्नत खेती प्रविधि मार्फत स्थानीय कृषि उत्पादन बृद्धि गर्ने र उत्पादित वस्तुलाई बजारको पहुँचमा ल्याई मूल्य श्रृङ्खलामा जोडिनेछ ।

११७. कृषि उत्पादनमा विषादीको बढ्दो प्रयोगबाट हुने नकारात्मक असरबारे जनचेतना फैलाउन र उपभोक्ता समक्ष सुरक्षित एवम् गुणस्तरीय कृषि उत्पादनको पहुँच पुर्याउन आई.पी.एम. कृषक पाठशाला संचालन, रोग तथा किराहरुको व्यवस्थापन एवम् रोकथामका लागि स्थलगत बाली उपचार शिविर संचालन र उपमहानगरक्षेत्रभर सञ्चालनमा रहेका हाटबजारहरुमा सरोकारवाला निकायहरुसँगको समन्वयमा नियमित रुपमा विषादी परिक्षण गर्ने कार्य गरिनेछ ।

११८. कृषिमा विपदका कारण हुने क्षतिको जोखिम न्युनीकरण गर्न कृषि बिमा कार्यक्रमसम्बन्धी जानकारी गराईनेछ । युवा लक्षित व्यवसायिक कृषि कार्यक्रम एवम् एकल महिला, अपाङ्गता भएका महिला, दलित महिला, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, भूमिहिन, जनजाति, द्वन्द पीडित र मुक्त कमैया परिवारको जिवनस्तर उकास्न पुष्प, तरकारी एवम् च्याउ खेती विकास कार्यक्रम संचालन गरिनेछ ।

११९. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैह्रसरकारी संस्था तथा विकास साझेदारसँग उपमहानगरपालिकाको नीति तथा कार्यक्रम कार्यान्वयन गर्न सहयोगी हुने, जलवायु परिवर्तनले कृषि क्षेत्रमा पारेको असर न्यूनीकरण गर्ने र स्थानीय आर्थिक विकासमा सहयोग पुऱ्याउने खालका कार्यक्रमहरूमा सहकार्य गरिनेछ । विद्यमान कृषि पुर्वाधारहरुको मर्मत सम्भार गरी नियमित रुपमा सञ्चालन हुने व्यवस्था मिलाईनेछ ।

**पशुपन्छी विकास कार्यनीतिः**

१२०. सामुदायिक पशुहरुको उपचार तथा भ्याक्सिनेसन कार्यलाई निरन्तरता दिइनेछ । सामुदायिक चौपायाको उचित ब्यवस्थापनका लागि गौशाला सञ्चालन गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।

१२१. पशुपन्छीमा हुने क्षती न्युनिकरण गर्न पशुपन्छी विमालाई प्रभावकारी बनाउन विभिन्न चेतनामुलक कार्यक्रम संचालन गरिनेछन् । उपमहानगरबाट सञ्चालन हुने अनुदानका कार्यक्रमहरुमा पशु बिमा अनिवार्य गरिने नीति लिइनेछ ।

१२२. पशुजन्य पदार्थको उत्पादन तथा उत्पादकत्व बृद्धि गर्न पशु नस्ल सुधारलाई प्राथमिकता दिइने छ । पशु नस्ल सुधारका लागि कृत्रिम गर्भाधान कार्यको निरन्तरता, क्षेत्र विस्तार, प्राविधिक दक्षतामा बृद्धि र आवश्यक उपकरण उपलब्ध गराइनेछ ।

१२३. उपमहानगरक्षेत्रभित्र कृषि क्षेत्रका दलित, महिला, जनजाति, एकल महिला, अपाङ्ग तथा विपन्न वर्गलाई आयआर्जनका लागि आयमुलक कार्यक्रमहरु सञ्चालन गरिनेछ । दुध, मासुजन्य पदार्थ र अण्डामा आत्मनिर्भर हुन पशुपन्छी व्यवसायलाई प्रवर्द्धन गरिने नीति लिइनेछ ।

१२४. प्राणघातक रेविज रोग न्यूनीकरणका लागि सामुदायिक कुकुरको जन्मदर घटाउने, पशुपन्छी उपचार सेवालाई प्रभावकारी बनाउने, उपभोक्तालाई गुणस्तरीय पशुजन्य पदार्थ उपलब्ध गराउन पशुजन्य पदार्थको बजार प्रवर्द्धन गर्ने र भैसी पालनलाई विशेष जोड दिदैं दुध उत्पादन बृद्धि तथा बजारिकरणका लागि दुग्ध विकास संस्थान लगायत निजी तथा सार्वजनिक क्षेत्रमा कार्यरत सरोकारवालासँग सहकार्य गरिने नीति लिइनेछ ।

**सहकारी विकास तथा गरिबी न्यूनिकरण कार्यनीतिः**

१२५. उपमहानगरक्षेत्रभित्र सञ्चालित सहकारी संस्थाद्वारा सञ्चालित कार्यक्रमलाई प्रोत्साहित गरिनेछ । असङ्गठित रुपमा ज्यालामजदुरी गरिरहेका सिपयुक्त श्रमिकहरुलाई सहकारीमा आबद्ध गरी उनीहरुको आर्थिक स्थिति सुधार गर्नका लागि आवश्यक व्यवस्था मिलाईने नीतिलाई निरन्तरता दिईनेछ ।

**उद्योग कार्यनीति:**

१२६. खाद्य तथा वस्तु उत्पादनमा महिलाहरुले घरमै सिकेका परम्परागत सीपहरुको बजारीकरण गरी आयआर्जन गर्ने अवसर प्रदान गर्न सम्वत् २०८१ साल मंसीर १ गतेदेखि सञ्चालित शनिबारीय महिला उद्यम बजारलाई निरन्तर सञ्चालन गर्ने व्यवस्था मिलाईनेछ।

१२७. सीप तथा रोजगार मेला, लघु उद्यम विकास कार्यक्रम एवम् अन्य तवरबाट सञ्चालित छोटो अवधिका सीप विकास तालिम प्राप्त गरेका व्यक्तिहरुलाई स्वरोजगारमा संलग्न भई उद्यमी बन्नका लागि प्रोत्साहित गरिनेछ। स्थानीय जाति जनजातिको भेषभूषा संरक्षणको लागि छोटो अवधिको तालिम सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

१२८. उपमहानरका सबै वडामा आर्थिक गतिविधि बढाई स्थानीय उत्पादनको स्थानीयस्तरमै खपत गराउन **एक वडा एक आर्थिक विकास** कार्यक्रम सञ्चालन गरिनेछ।

१२९. स्थानीय तथा आधुनिक खाद्य परिकारको प्रवर्द्धन, पर्यटन विकास, उद्यमशीलता अभिवृद्धि र स्थानीय अर्थतन्त्र सुदृढीकरणका लागि **'फुड फेस्टिबल'** कार्यक्रम सञ्चालन गरिनेछ।

**पर्यटन तथा संस्कृती प्रवर्द्धन कार्यनीति:**

१३०. उपमहानगरक्षेत्रभित्र रहेका सार्वजनिक पर्खालहरुमा सुदूरपश्चिम क्षेत्रको श्रीवृद्धि गर्ने व्यक्ति तथा यस क्षेत्रको भाषा, साहित्य, कला, संस्कृति, खेलकुद, स्वास्थ्य, शिक्षा लगायतका क्षेत्रमा योगदान पुर्‍याउनु भएका महानुभावहरु तथा विविध विषयक्षेत्रका जानकारीमूलक तस्वीर एवम् सूचनाहरु सहित वालपेन्टिङ गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

१३१. उपमहानगरक्षेत्रभित्रका नयाँ तथा साविकका पर्यटकीय स्थललाई सुरक्षित पर्यटकीय गन्तव्यका रुपमा विकास गर्दै स्थानीयस्तरमा रोजगारीका अवसर वृद्धि गर्ने नीति लिईनेछ।

१३२. **"हाम्रो सुदूरपश्चिम, हामी चिनाउँछौं"** अभियान मार्फत सुदूरपश्चिम क्षेत्रको आर्थिक, मौलिक तथा परम्परागत सँस्कृति, धार्मिक एवम् पर्यटकीय लगायतका क्षेत्र एवम् सम्भावनाहरुको पहिचान एवम् प्रचार प्रसारमार्फत सुदूरपश्चिम क्षेत्रको समग्र समृद्धिका लागि धनगढी उपमहानगरले नेतृत्त्वदायी भूमिका निर्वाह गर्दै सञ्चालन गर्ने नीति लिइनेछ। धनगढी उपमहानगरबासीको सु-स्वास्थ्य र दीर्घायुको कामनाका लागि

बाजुराको बडीमालिका मन्दिरमा जनैपूर्णिमामा लाग्ने धार्मिक मेलाको अवसरमा उपमहानगरबाट पुजाटोली सहित सहभागी हुने व्यवस्थालाई निरन्तरता दिईनेछ।

१३३. पर्यटन प्रवर्द्धनका लागि स्थानीय होमस्टे कार्यक्रमलाई व्यवस्थित गरिनेछ। स्थानीय भेषभूषा, रीतिरीवाज, कला, संस्कृति झल्काउने संग्रहालयको सञ्चालन गरी आन्तरिक तथा वाह्य पर्यटक भित्र्याउने उपयुक्त कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ। उपमहानगरक्षेत्रभित्रका पर्यटकीय क्षेत्रहरुको प्रवर्धन गर्ने नीतिलाई निरन्तरता दिईनेछ।

**रोजगार प्रवर्द्धन कार्यनीति:**

१३४. धनगढी उपमहानगरपालिकामा विभिन्न निकायहरुसंगको समन्वय र सहकार्यमा सिप तथा रोजगार मेला सञ्चालन गरी युवा रोजगारी लक्षित कार्यक्रमको निरन्तरता दिईनेछ।

१३५. अनुसन्धान, प्रयोग तथा सोचलाई उत्प्रेरणा दिने वातावरणको सृजना गर्न मेकर स्पेस/इन्क्युबेसन सेन्टर (Maker Space/Incubation Centre) स्थापना गरी नयाँ व्यवसाय र उद्यमीहरूलाई प्रवर्द्धन गरी स्टार्टअप बिजनेस (Start-Up Business) सुरु गर्न चाहनेहरुका लागि आर्थिक तथा प्राविधिक सेवा उपलब्ध गराई उद्यमशिल बनाउने नीति लिइनेछ।

१३६. महिलाहरुको आर्थिक शसक्तिकरणका लागि महिला लक्षित शनिबारीय महिला उद्यम बजारलाई निरन्तरता दिईनेछ। **"कमाउदै पढ्दै"** अवधारणा बमोजिम शैक्षिक बेरोजगार यूवा व्यक्तिहरुका लागि न्यूनतम रोजगारीको अवसर उपलब्ध गराई कमाउँदै पढ्दै व्यावसायी बन्ने अवसर उपलब्ध गराउन सन्ध्याकालिन बजार सञ्चालन गरिनेछ।

१३७. श्रम संसार प्रणालीमा आवद्ध गराई स्थानीयस्तरमा रोजगारी सृजना गर्ने कार्यक्रमहरुलाई प्राथमिकता दिईनेछ।

१३८. बैदेशिक रोजगारीबाट फिर्ता आएका श्रमिकहरुको सीप पहिचान गरी स्वरोजगारमूलक कार्यमा संलग्न गराउन पहल गरिनेछ। श्रम सम्बन्धलाई प्राथमिकता दिदै सार्वजनिक पूर्वाधार निर्माण, कृषि, व्यावसायिक उद्योग, वित्तिय क्षेत्रबाट रोजगारी सिर्जनामा जोड दिईनेछ।

१३९. रोजगार सेवा केन्द्रमा सुचिकृत बेरोजगारहरुलाई प्राथमिकताको आधारमा क्रमशः आन्तरिक रोजगारी, सीपमूलक तालिमका क्रियाकलापमा सहभागिता  गरिनेछ । गरिब, विपन्न र सिमान्तकृत समुदाय तथा रोजगारी गुमेका ब्यक्तिहरुलाई सूचिकृत गरी विषेश प्राथमिकतामा राखिनेछ ।

१४०. उपमहानगरक्षेत्रभित्र आन्तरिक रोजगारी सिर्जना गर्न सरोकारवाला निकाय र निजी क्षेत्र, सरकारी तथा गैर सरकारी क्षेत्रको तथ्याङ्क सङ्कलन गरी समन्वय र सहकार्यमा जोड दिईनेछ ।

१४१. रोजगार सेवा केन्द्रलाई थप सुदृढिकरण गरी लक्षित बर्गको तथ्याङ्क सङ्कलन मार्फत श्रम सूचना बैंकको रुपमा विकास गरिनेछ । सेवा केन्द्रद्वारा रोजगारीको नक्साङ्कन, श्रम बजार विश्लेषण, जब म्याचिङ्ग (Job Matching), परामर्श सेवा तथा रिफरल सेवा सञ्चालन गरिनेछ ।

१४२. बैदेशिक रोजगारीबाट फिर्ता आएका श्रमिकहरुको सामाजिक तथा आर्थिक पुन: एकिकरणका लागि उद्धमशिलता विकास, सिपमूलक तालिम तथा अनुदानका कार्यक्रमहरु सञ्चालन गर्ने, बैदेशिक रोजगारीमा गएका कामदार तथा तिनका परिवारलाई लक्षित गरी बैदेशिक रोजगार बोर्डबाट उपलब्ध गराईने कल्याणकारी सेवा तथा सुविधाहरुका लागि आवश्यक सहजिकरण गर्ने तथा बैदेशिक रोजगारलाई सुरक्षित, मर्यादित, पारदर्शि र ब्यवस्थित गर्न श्रम स्वीकृती र पूनःश्रम स्वीकृति प्रक्रियालाई निरन्तरता दिईनेछ ।

**(ख) <u>सामाजिक विकास नीति:</u>**

१४३. शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षामा उपमहानगरबासीको सर्वशुलभ पहुँच स्थापित गर्न संघ तथा प्रदेश सरकार, गैरसरकारी निकाय र निजी तथा सार्वजनिक क्षेत्रहरु समेतको सर्वपक्षीय समन्वय, सहकार्य र सहयोग मार्फत कार्यक्रम सञ्चालन गर्दै उपमहानगरलाई लोक कल्याणकारी उपमहानगरपालिकाको रुपमा विकास गर्ने नीति अवलम्बन गरिनेछ ।

**शिक्षा, यूवा तथा खेलकुद विकास कार्यनीति:**

१४४. शिक्षाको माध्यमबाट जातीय छुवाछुत तथा सबै प्रकारका विभेदको अन्त्यका लागि शिक्षा, जनचेतना र सामाजिक सशक्तीकरणका कार्यक्रम उच्च प्राथमिकताका साथ सञ्चालन गरी समावेशी, समतामूलक र विभेदमुक्त उपमहानगर निर्माण गर्ने नीति लिइनेछ ।

१४५. **"दलित अभियन्ता जुठे दमाई छात्रवृत्ति कार्यक्रम"** मार्फत आमा शिक्षित भएमा परिवार, समाज र सिङ्गो राष्ट्रको विकासमा योगदान पुग्छ भन्ने विश्वासका साथ दलित समुदायका छात्राहरुको शिक्षामा पहुँचवृद्धि, सामाजिक समावेशीकरण र लैङ्गिक समानता प्रवर्धन गर्न विद्यालय तहको कक्षा ८ देखि कक्षा १० सम्म अध्ययनरत दलित छात्राहरुलाई प्रति छात्रा वार्षिक रु. २ हजारसम्मको स्टेश्नरी सामग्री नि:शुल्क उपलब्ध गराउने नीतिलाई निरन्तरता दिइनेछ।

१४६. **"दलित अभियन्ता टिकाराम पार्की छात्रवृत्ति कार्यक्रम"** मार्फत विद्यालय तहको कक्षा ११/१२, प्राविधिकधारको डिप्लोमा र विश्वविद्यालय तहको स्नातक तहसम्म विज्ञान, शिक्षा, कानून र कृषि विषय अध्ययनरत दलित छात्राहरुलाई उच्च शिक्षा प्राप्त गर्न छात्रवृत्ति उपलब्ध गराउने नीतिलाई निरन्तरता दिइनेछ।

१४७. विद्यालय शिक्षाको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विद्यालय, विद्यार्थी, शिक्षक तथा कर्मचारीलाई पुरस्कृत गर्ने नीति लिइनेछ । सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीहरुको ई-हाजिरी व्यवस्थापनलाई थप प्रभावकारी बनाई ई-हाजिरीको आधारमा उपमहानगरबाट सोझैं सम्बन्धित शिक्षक तथा कर्मचारीहरुको व्यक्तिगत बैंक खातामार्फत तलबभत्ता एवम् पारिश्रमिक भुक्तानी गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

१४८. उपमहानगरको मुख्य शहरीक्षेत्रका सामुदायिक विद्यालयमा अध्ययनरत बालविकास कक्षा देखि पाँच कक्षासम्म अध्ययनरत सबै विद्यार्थी र तोकिएका विद्यालयका अन्य कक्षाका विद्यार्थीहरुलाई दिवा खाजा खुवाउन केन्द्रिकृत भान्साघर (Central Kitchen) सञ्चालनमा ल्याईनेछ।

१४९. विद्यालयहरुमा सञ्चालित शिक्षण सिकाइ क्रियाकलापहरुलाई सुदृढ गर्न एवम् विद्यालयमा कार्यरत जनशक्तिको पेसागत दक्षता अभिवृद्धि तथा अध्ययनरत विद्यार्थीको क्षमता विकास गर्नका लागि प्रधानाध्यापकहरुको बैठक, विषयगत शिक्षक तालिम, शैक्षिक भ्रमण, कक्षा अवलोकन, शैक्षिक मेला तथा प्रदर्शनी, विद्यालय अनुगमन तथा सुपरीवेक्षण, तोकिएका शिक्षक तथा कर्मचारीहरुको थप पारिश्रमिक व्यवस्थापन, शैक्षिक अनुभव आदानप्रदान, कलष्टर समूह निर्माण एवम् व्यवस्थापन, रोष्टर समूह निर्माण एवम् परिचालन तथा विज्ञ स्रोत शिक्षकको परिचालन गर्ने तथा शुक्रबारीय सिप विकास

कार्यक्रम (स्टिम), क्यारियर काउन्सेलिङ, आधारभूत तहको परीक्षा सञ्चालन र विद्यार्थी प्रतिभा पहिचानका लागि विभिन्न प्रतियोगितात्मक कार्यक्रमहरु निरन्तर सञ्चालन गरिनेछन्।

१५०. दरबन्दी अपुग भएका सामुदायिक विद्यालयमा नगर कार्यपालिकाको कार्यालय र सम्बन्धित वडा कार्यालयको  समान प्रतिशत (पचास प्रतिशत नगर कार्यपालिकाको कार्यालय र पचास प्रतिशत सम्बन्धित विद्यालय रहेको वडा कार्यालय) बजेट साँझेदारीमा तलबभत्ता भुक्तानी गर्ने गरी अपुग संख्यामा करार शिक्षक व्यवस्थापन गरी पठनपाठनको व्यवस्था मिलाउने नीति लिईनेछ । विद्यालयमा प्रारम्भिक बालविकास तथा वातावरण संरक्षण लगायतका विषयवस्तुको जानकारी, सचेतना, अभिलेखिकरण एवम् प्रचारप्रसारका लागि वालपेन्टिङ गर्ने, हरियाली वातावरण निर्माणका लागि वृक्षरोपण गर्ने नीति लिईनेछ।

१५१. **"सामुदायिक विद्यालय शैक्षिक गुणस्तर सुधार कार्यक्रम"** लागु भएका उपमहानरका नमुना सामुदायिक विद्यालयहरुमा प्रविधिमैत्री शिक्षण सिकाइका लागि स्मार्टबोर्ड तथा हाईस्पिड इन्टरनेट जडान तथा सञ्चालन, मर्मत सम्भार, बालबालिकाहरुको खेलकुद विकासका लागि प्ले स्टेशन जडान, मर्मत सम्भार र छात्राहरुलाई नि:शुल्क पोशाक वितरण गरिने कार्यक्रमलाई निरन्तरता दिइनेछ । सामुदायिक विद्यालयको भौतिक व्यवस्थापनका लागि सुविधा सम्पन्न भवन तथा कक्षाकोठा, शौचालय, घेराबार निर्माण, फर्निचर व्यवस्थापन, मर्मत सम्भार, पुस्तकालय तथा विज्ञान प्रयोगशालाको स्थापना गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

१५२. उपमहानगरस्तरीय खेलकुद कार्यक्रमहरुलाई व्यवस्थित गरिनेछ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा उपमहानगरको गौरब अभिवृद्धि गर्ने खेलाडीलाई सम्मान गरिनेछ । ग्रासरुट लेभलबाटै क्रिकेट, फुटबल लगायतका खेल विधाका खेलाडीहरु उत्पादन गर्न सरोकारवालाहरुको सहकार्यमा विद्यालय तथा स्थानीयस्तरका खेलमैदानहरुको उपयोग गरी **ग्रासरुट लेभल खेलकुद विकास कार्यक्रम** सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

१५३. **"हाम्रो धनगढी, सफा धनगढी"** अभियानलाई निरन्तरता दिनका लागि विद्यालयस्तरबाटै सरसफाईसम्बन्धी सीप विकास गर्न विद्यालयक्षेत्र वरपरको कम्तिमा एक हजार मिटरको क्षेत्रलाई फोहरमैलामुक्त क्षेत्रको रुपमा विकसित गरी हरेक शुक्रबार सरसफाई गर्ने र विद्यालयले गरेको सरसफाईको वार्षिक मूल्याङ्कनको आधारमा सर्वोत्कृष्ट ठहरिएका एक सामुदायिक र एक संस्थागत विद्यालयलाई

उपमहानगरको स्थापना दिवस असोज १ गतेको दिन पुरस्कृत गर्ने नीति लिईनेछ । विद्यालयमार्फत सरसफाइमा जनचेतना फैलाउन प्रत्येक विद्यालयमा सरसफाई क्लब निर्माण गरी परिचालन गर्ने नीति लिईनेछ ।

१५४. उपमहानगरको शैक्षिक विकासका लागि संघ, प्रदेश तथा अन्य संघसंस्थासंगको समन्वय, सहकार्य र सहयोगमा विभिन्न शैक्षिक विकास कार्यक्रमहरु सञ्चालन गरिनेछ । असहाय, अपाङ्गता भएका र सडक बालबालिकाहरुका लागि आवास सञ्चालन गरेका सार्वजनिक छात्रावास, आश्रम, विद्यालय एवम् संघसंस्थालाई अनुदान उपलब्ध गराईनेछ ।

१५५. तोकिएको लक्षित समूहका विद्यार्थीहरुलाई आवासीय तथा गैरआवासीय छात्रवृत्ति उपलब्ध गराईनेछ । संस्थागत विद्यालयको कक्षा ११ र कक्षा १२ मा अध्ययन गर्नका लागि सम्बन्धित संस्थागत विद्यालयबाट प्राप्त हुने दशप्रतिशत कोटामा उपमहानगरले विद्यार्थीहरु छनौट गरी नि:शुल्क अध्ययन गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ । आगामी शैक्षिक सत्र २०८४ देखि संस्थागत विद्यालयको कक्षा ८, कक्षा ९ र कक्षा १० मा समेत संस्थागत विद्यालयबाट प्राप्त हुने दशप्रतिशत कोटामा उपमहानगरबाट विद्यार्थीहरु छनौट गरी नि:शुल्क अध्ययनका लागि पठाउने नीति लिईनेछ । सामुदायिक विद्यालयमा अध्ययनरत गरिब तथा विपन्न परिवारका विद्यार्थीहरुलाई शैक्षिक सामग्री उपलब्ध गराउने व्यवस्था मिलाईनेछ ।

१५६. विज्ञान तथा प्रविधिको प्रवर्द्धन गर्नका लागि विभिन्न अध्ययन तथा अनुसन्धानमूलक कार्यक्रमहरु सञ्चालन गर्ने नीतिलाई निरन्तरता दिईनेछ । धनगढी उपमहानगरपालिकाको नगर शिक्षा योजना निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ ।

१५७. विद्यार्थीहरुलाई लागू औषधको दुर्व्यसनबाट जोगाई सिर्जनशील, स्वस्थ र जिम्मेवार नागरिकका रूपमा विकास गर्न विद्यालय, समुदाय र सरोकारवालासँगको सहकार्यमा जनचेतना परिचालक परिचालन गरी लागू पदार्थ दूर्व्यसन विरुद्ध विशेष अभियान सञ्चालन गरिनेछ ।

**स्वास्थ्य सेवा कार्यनीति :**

१५८. उपमहानगरभित्रका सबै स्वास्थ्य संस्थाहरुमा **"न्यूनतम सेवा मापदण्ड"** लागू गरी आवश्यक जनशक्ति, औषधी, उपकरण र पूर्वाधारहरुको व्यवस्थापन गरिनेछ । महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कार्यक्रमलाई समायानुकुल परिमार्जन र सुदृढीकरण गर्दै लगिनेछ ।

१५९. **"विशेषज्ञ वडा स्वास्थ्य क्लिनिक"**लाई थप सुदृढीकरण गर्दै निजी अस्पतालहरुसंगको सहकार्यमा सेवा थप सहित सञ्चालन गरिनेछ । "**आमा बचाउ अभियान"** र **नि:शुल्क रगत व्यवस्थापन** कार्यलाई निरन्तरता दिइनेछ । **फुलबारी नगर अस्पताल**लाई थप सेवा विस्तार सहित संचालन गरिनेछ ।

१६०. गर्भवतीलाई नियमित सुरक्षित मातृत्त्व सेवा उपलब्ध गराईनेछ । शहरी स्वास्थ्य सुदृढीकरणका लागि स्वस्थ्य शहरको अवधारणा, प्राथमिक स्वास्थ्य सेवा सवलीकरण र प्रबर्द्धन कार्यक्रमहरु सञ्चालन गरिनेछन ।

१६१. पाँच वर्षमुनिका सम्पूर्ण बालबालिकाहरुले समयमै नियमित खोप पाएको सुनिश्चितता गरिनेछ । बहुक्षेत्रीय पोषण कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ ।

१६२. क्यान्सर, मधुमेह तथा मुटु एवम् मृगौला रोग लगायतका नसर्ने रोगको जनचेतनाका लागि सचेतना, स्क्रिनिङ, रोकथाम र व्यवस्थापन गर्ने कार्यलाई प्राथमिकता दिइनेछ । सिकलसेल, थालासेमिया जस्ता रोगहरुको समय मै पहिचान र व्यवस्थापनका लागि स्क्रिनिङ गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

१६३. मानव, पशु तथा वातावरणीय स्वास्थ्यबीचको अन्तरसम्बन्धलाई सम्बोधन गर्न **"एक स्वास्थ्य (One Health)"** को अवधारणालाई आत्मसात गर्दै एन्टिबायोटिकको विवेकपूर्ण प्रयोग, प्रतिजैविक प्रतिरोध (AMR) नियन्त्रण तथा जुनोटिक रोगको निगरानी र नियन्त्रणसम्बन्धि क्रियाकलापहरु सञ्चालन गरिनेछन् ।

१६४. डेंगु, मलेरिया, स्क्रब टाइफस जस्ता रोगको महामारी पूर्वतयारी, पूर्वसूचना, द्रुत परीक्षण र कन्ट्याक्ट ट्रेसिङ तथा इन्भेस्टिगेसन सेवा सुदृढ गरिनेछ । क्षयरोग, कुष्ठरोग, एच.आइ.भी. जस्ता सरुवा रोगहरुको समयमै निदान, रोकथाम उपचार र पुनर्स्थापना सेवालाई प्रभावकारी बनाइनेछ ।

१६५. अपाङ्गता भएका व्यक्तिलाई आवश्यक पर्ने सहायक सामाग्रीहरुको निःशुल्क वितरण र पुनः सामग्री प्रतिस्थापन गरी आत्मनिर्भर बनाइनेछ। बौद्धिक अपाङ्गता र अटिजम भएका बालबालिकाको स्वास्थ्य र पुनःस्थापना सेवा सञ्चालन गरिनेछ।

१६६. सबै नागरिकलाई स्वच्छ खानेपानी तथा आधारभूत सरसफाई सुनिश्चित गर्ने लक्ष्य सहित पानीको गुणस्तर परीक्षण प्रयोगशाला र नियमित परीक्षण पद्धतिलाई व्यवस्थित गर्दै लगिनेछ।

१६७. सामुदायिक तथा निजी अस्पताल तथा संस्थाहरुको समन्वयमा अस्पतालमा डाइलाइसिस, क्यान्सर उपचारमा सहुलियत प्याकेज सञ्चालन गरिनेछ। निजी स्वास्थ्य संस्थाहरुको नियमित अनुगमनलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ।

१६८. लागू औषधको दुर्व्यसनमा परेका र मानसिक स्वास्थ्य समस्या भएकालाई जोगाई सिर्जनशील, स्वस्थ र जिम्मेवार नागरिकका रूपमा विकास गर्न स्वास्थ्य संस्था, विद्यालय, समुदाय र सरोकारवालासँगको सहकार्यमा उचित परामर्श सेवा उपलब्ध गराउँदै आवश्यक उपचार तथा पुनर्स्थापना सेवामा पहुँच पुर्‍याइनेछ।

१६९. किशोरकिशोरी यौन तथा प्रजनन स्वास्थ्य शिक्षा मार्फत बाल विवाह तथा किशोरी गर्भावस्थाको रोकथाम गर्दै प्रजनन उमेर समुहका महिलाहरुलाई परिवार योजनाका साधनहरु तथा परामर्श सेवा उपलब्ध गराईनेछ।

१७०. आयुर्वेद चिकित्सा सेवालाई समयानुकूल सञ्चालन गर्ने व्यवस्था मिलाईनेछ।

**<u>महिला, बालबालिका तथा अपाङ्गता क्षेत्रसम्बन्धी कार्यनीति :</u>**

१७१. उपमहानगरमा हिंसा प्रभावित महिला तथा बालबालिकाहरुका लागि अल्पकालिन पुन:स्थापना केन्द्र (सेफ हाउस) सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ। अपाङ्गता भएका व्यक्ति र ज्येष्ठ नागरिकहरुको सशक्तिकरण गर्दै उहाँहरुमा निहित ज्ञान, सीप तथा अनुभवलाई पुस्तान्तरण गर्ने नीतिलाई निरन्तरता दिईनेछ।

१७२. आर्थिक अवस्था कमजोर भएका, हिंसा प्रभावित, अपाङ्गता भएका र सामाजिक रुपले पछाडी पारिएका वर्गका महिला एवम् लैंगिक तथा यौनिक अल्पसंख्यक समुदायका व्यक्तिहरुको आर्थिक सशक्तीकरणका लागि उद्धमशीलता विकास कार्यक्रम सञ्चालन गरिनेछ। आदिवासी थारु, रानाथारु

लगायतका जनजाति र दलित समुदायमा रहेका परम्परागत रैथाने ज्ञान, सीप र पेशाको आधुनीकिकरण गरी रोजगारी सिर्जना गर्न आवश्यक कार्यक्रमहरु सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

१७३. सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरुको पहुँच अभिवृद्धि गर्न उपमहानगरपालिकाको भौतिक संरचना, वेबसाइट तथा अन्य सूचना सम्प्रेषणका माध्यमहरुलाई पहुँचयोग्य बनाउने, अपाङ्गता भएका ब्यक्तिलाई सम्मानपूर्ण जीवनको प्रत्याभूति एवम् सहज पहुँच स्थापित गर्न आवश्यक सहायक सामग्री नि:शुल्क उपलब्ध गराउने र बौद्धिक अपाङ्गता, अटिजम, मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरुका लागि अपाङ्गताको प्रकार अनुसार विशेष प्रकारका कार्यक्रम सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

**सामाजिक/सामुदायिक विकास कार्यनीति:**

१७४. सामाजिक सद्भाव, धार्मिक सहिष्णुता तथा सामुदायिक एकता सुदृढीकरणको लागि सामाजिक संरचना अनुसारको परम्परागत जातजाति, भाषा, धर्म, संस्कृति, भेषभुषा, रहनसहन लगायतको पहिचान गरी जगेर्ना गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।

१७५. बाल मैत्री स्थानीय शासनका सूचक पुरा गरेका वडाहरुलाई क्रमश: बालमैत्री वडा घोषणा गरिनेछ । बाल क्लब, बालसञ्जाल मार्फत बाल विवाह, बालश्रम, बाल हिंसा तथा बाल बेचबिखन विरुद्ध विशेष अभियान सञ्चालन गरिनेछ ।

१७६. समुदायस्तरबाट विकासको अवधारणालाई प्रोत्साहित गर्न टोल विकास संस्था, आमा समूह, युवा क्लब तथा समुदायमा आधारित संस्थाको क्षमता अभिवृद्धि गरिनेछ ।

१७७. सरोकारवाला संघसंस्थाहरुसँग समन्वय गरी सडक आश्रित मानव रहित उपमहानगरपालिका बनाउने, ज्येष्ठ नागरिक, भगतजी र एकल महिलाहरुलाई धार्मिक यात्रा गराउने, शव चिस्यान तथा मृत्यु संस्कार सेवा प्रदान गर्ने कार्यलाई निरन्तरता दिइनेछ । बौद्धमार्गी र दशनामी समुदायका लागि समेत शब चिस्यान सेवा उपलब्ध गराउन नयाँ शब चिस्यान मेशिन खरीद गरी सेवा सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ । मानव अधिकार प्रवर्द्धन तथा पत्रकारिता क्षेत्रको विकास गर्न आवश्यक कार्यक्रम संचालन गरिनेछ । संघ सरकारको साँझेदारीमा संचालित बैदेशिक रोजगारी (सामी) कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१७८. उपमहानगरको नीति तथा कार्यक्रमको प्राथमिकता बमोजिम सामाजिक विकास क्षेत्रमा क्रियाशील संघसंस्था तथा विकास साँझेदारबाट स्वीकृत भई प्राप्त भएका कार्यक्रमहरुलाई उपमहानगरको वार्षिक कार्यक्रममा समावेश गरी सञ्चालन गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।

१७९. सार्वजनिक निजी साँझेदारी (Public Private Partnership) कार्यक्रमहरु सञ्चालन गर्ने नीति लिईनेछ । बैंक तथा वित्तिय संस्था, निजी तथा सार्वजनिक क्षेत्र लगायतका संस्थाहरुले सामाजिक उत्तरदायित्व (Community Social Responsibility - CSR) अन्तर्गत सञ्चालन गरिने कार्यक्रमलाई उपमहानगरको प्राथमिकिकरणसँग आवद्ध गरी सञ्चालन गर्ने नीति लिईनेछ ।

१८०. स्वयम्सेवा तथा सामुदायिक योगदानको संस्कृतिलाई प्रवर्द्धन गरिनेछ । सामाजिक सुरक्षा भत्ता वितरण तथा व्यक्तिगत घटना दर्ता कार्यक्रमलाई व्यापक रुपमा सु-सुचित गर्दै प्रविधिमैत्री बनाउँदै लगिनेछ ।

**(ग) पूर्वाधार विकास नीति:**

१८१. **"हाम्रो धनगढी: हामी बनाउँछौं"** भन्ने अभियानलाई उपमहानगरबासीको सहयोग, समन्वय र सहकार्यमा निरन्तरता दिँदै, प्राथमिकताका आधारमा पूर्वाधार विकासका आवश्यकताहरू पहिचान गरी आधुनिक प्रविधियुक्त, दिगो एवम् वातावरणमैत्री तथा अपाङ्गमैत्री संरचना निर्माण गर्ने नीति अवलम्बन गरिनेछ ।

**शहरी पूर्वाधार विकास तथा यातायात व्यवस्था कार्यनीति :**

१८२. उपमहानगर क्षेत्रमा मोटरेबल पक्की पुल, पक्की सडक, झोलुङ्गे पुल, खेलकुद स्टेडियम, सार्वजनिक भवन, सार्वजनिक शौचालय तथा पार्कजस्ता दिगो पूर्वाधार निर्माणका कार्यहरू सरोकारवाला निकायसँगको समन्वय, सहयोग र सहकार्यमा आधुनिक प्रविधिको प्रयोग गरी सञ्चालन गरिनेछ । खाली क्षेत्र तथा सडक किनारलाई व्यवस्थित फुड लेन, पार्किङ क्षेत्र र बगैचाका रूपमा विकास गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१८३. उपमहानगरस्तरीय विकास आयोजनाको प्रभावकारी सञ्चालनका लागि आयोजना बैंक (Project Bank) स्थापना गरी त्यसमा समावेश आयोजनाहरू क्रमशः कार्यान्वयन गरिनेछन् । सबै वडाका पुराना बस्तीमा रहेका सडक तथा अन्य पूर्वाधारहरुको विकास एवम् मर्मत सम्भार गर्ने कार्यलाई प्राथमिकताका साथ सञ्चालन गरिनेछ ।

१८४. स्थानीय उपभोक्ता, वडा कार्यालय र उपमहानगरको संयुक्त साँझेदारीमा सञ्चालन हुने कार्यक्रमहरुमा उपमहानर, वडा कार्यालय र स्थानीय उपभोक्ताको साँझेदारीको अनुपात क्रमश: ५०:३५:१५ हुने गरी सञ्चालन गर्ने नीति लिईनेछ। वडा कार्यालय र उपमहानगरको पचास/पचास प्रतिशत लागत साँझेदारीमा समेत विकास निर्माणका कार्यक्रमहरु सञ्चालन गर्ने नीति लिईनेछ।

१८५. व्यावसायिक भवनहरूमा सौर्य ऊर्जा तथा वर्षाको पानी संकलन प्रणाली (Rain Water Harvesting) अपनाउन प्रोत्साहन गरिनेछ। उपमहानगरका कार्यालय भवनहरूलाई ऊर्जा दक्ष बनाउँदै लगिनेछ।

१८६. प्राकृतिक ताल तलैयाहरूको संरक्षण, जीर्णोद्धार र पुनःउत्थान गरी पर्यटन प्रवर्द्धनका लागि पार्क पिपुल पण्ड (Park, People and Pond -PPP) अवधारणालाई अघि बढाइनेछ।

१८७. नगर बस सञ्चालन भएका तथा सञ्चालन हुने रुटहरूमा व्यवस्थित बस बिसौनी र शुद्ध खानेपानीको व्यवस्था गरिनेछ। **"सुरक्षित सडक, सुरक्षित जीवन"** को अवधारणालाई आत्मसात् गर्दै बढ्दो सडक दुर्घटना, ट्राफिक अव्यवस्था र मानवीय क्षतिलाई न्यूनीकरण गर्न रोड मार्किङ, ट्राफिक संकेत तथा चिह्नहरूको व्यवस्थापनलाई सुदृढ गरिनेछ। साथै, आधुनिक प्रविधिमा आधारित चोक सुधार, सडक सुरक्षा पूर्वाधार विकास, पैदलयात्रीमैत्री सडक व्यवस्था तथा स्मार्ट ट्राफिक व्यवस्थापन मार्फत सुरक्षित, व्यवस्थित र दिगो यातायात सेवा प्रवर्द्धन गर्न सरोकारवाला निकायहरुसँगको सहकार्यमा आवश्यक व्यवस्था मिलाइने छ।

१८८. खोला किनारमा फुटपाथ तथा ग्रिन बेल्ट निर्माण कार्यलाई निरन्तरता दिइनेछ र बढी आवागमन हुने स्थानहरूमा ओभरहेड ब्रिज निर्माणका लागि आवश्यक पहल गरिनेछ।

१८९. धनगढी सिटी हल, थारु संग्रहालय पटेला तथा रानाथारु संग्रहालय राजपुर सञ्चालनका लागि आवश्यक व्यवस्था मिलाइनेछ। विभिन्न पर्यटकीय तथा धार्मिक क्षेत्रहरूमा पूर्वाधार निर्माण कार्यलाई निरन्तरता दिइनेछ।

१९०. उपमहानगर क्षेत्रको पूर्वाधार विकासलाई तीव्र, व्यवस्थित र परिणाममुखी बनाउन उपमहानगरस्तरीय आयोजना व्यवस्थापन तथा अनुगमन प्रणालीलाई सुदृढ गरी मिसन मोड (Mission Mode) मा कार्यान्वयन गरिनेछ।

१९१. उपमहानगरभित्र दिगो, सुरक्षित तथा वातावरणमैत्री पूर्वाधार निर्माणलाई प्राथमिकता दिँदै हरित पूर्वाधार, सार्वजनिक खुला क्षेत्र, पार्क, पैदलमार्ग तथा अपाङ्गमैत्री संरचना निर्माण र विस्तार गर्ने नीति अवलम्बन गरिनेछ।

**भवन, आवास, वस्ती विकास तथा शहरी विकास कार्यनीति:**

१९२. भवन तथा योजना निर्माण मापदण्ड, २०८० को प्रभावकारी कार्यान्वयन गर्दै नक्सा पाससम्बन्धी विद्युतीय प्रणाली (Electronic Building Permit System) लाई थप सुधार गरिनेछ। घर निर्माण सम्पन्न प्रमाणपत्र प्रदान गर्दा अनिवार्य रूपमा घर नम्बर (House Number) सहित प्रमाणपत्र उपलब्ध गराइने व्यवस्थालाई निरन्तर सञ्चालन गरिनेछ। नयाँ घर निर्माण गर्दा रिजार्च पिट अनिवार्य बनाउनु पर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ।

१९३. उपमहानगरभित्रका खुला क्षेत्रहरूको पहिचान गरी दातृ निकायसँगको समन्वय, सहकार्य र साँझेदारीमा विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ। भवन निर्माण क्षेत्रमा कार्यरत तर भूकम्प प्रतिरोधात्मक निर्माणसम्बन्धी तालिम नलिएका डकर्मीहरूका लागि आवश्यक तालिम कार्यक्रमलाई निरन्तरता दिइनेछ। खोलानाला तथा रणनीतिक सडकहरूको क्षेत्राधिकार निर्धारण गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

**भूमिसम्बन्धी कार्यनीति:**

१९४. सरकारी/सार्वजनिक जग्गाको पहिचान एवम् डिजिटल नक्साङ्कन गरी संरक्षण गरिनेछ। भू-उपयोग योजना बमोजिम जमिनको उपयोग गर्ने नीति लिईनेछ। मेट्रिक (Matric) प्रणालीमा आधारित घर नम्बर प्लेट (House Number Plate) जडान कार्यलाई निरन्तरता दिईनेछ।

१९५. हाल नापी तथा मालपोत कार्यालयबाट प्रदान भई रहेका सेवाहरु उपमहानगरबाट सञ्चालन गरिनेछ। उपमहानगरभित्रका सामुदायिक विद्यालय, पर्यटकिय, धार्मिकस्थलहरुको स्रोत नक्साङ्कन (GIS Mapping) गर्ने कार्यलाई निरन्तर रुपमा अद्यावधिक गरिनेछ।

**पर्यटन पूर्वाधार विकास कार्यनीति:**

१९६. उपमहानगर क्षेत्रका ऐतिहासिक, सांस्कृतिक, धार्मिक तथा प्राकृतिक महत्त्व भएका स्थानहरुको पहिचान गरी पर्यटन रोडम्याप तयार गरी पर्यटक मैत्री संकेत चिन्ह र बोर्डहरु लगाउने तथा उपमहानगरक्षेत्रभित्र

रहेको सभागृह, संग्रहालय, पार्क, धार्मिक तथा पर्यटकीय क्षेत्रहरुमा आवश्यक पूर्वाधार निर्माण गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

**<u>सञ्चार तथा सूचना प्रविधि कार्यनीति:</u>**

१९७. उपमहानगरपालिकालाई सूचना प्रविधि मैत्री बनाउनका लागि एकिकृत डिजिटल प्लेटफर्म (Unified Digital Governance Platform – UDGP) मार्फत विभिन्न मोड्युलमा आधारित सेवा विस्तार गर्दै उपमहानगरलाई क्रमश: डिजिटल उपमहानगर बनाउने नीति लिईनेछ।

१९८. स्थानीय कलेज तथा शैक्षिक संस्थासँग समन्वय गरी सूचना प्रविधि क्षेत्रमा अध्ययनरत युवाहरूलाई इन्टर्नशिप तथा स्वयम्सेवक कार्यक्रममा आबद्ध गरिनेछ।

१९९. उपमहानगरपालिकाको सामाजिक, आर्थिक, भौतिक, वातावरणीय तथा संस्थागत अवस्थाको यथार्थ विवरण समेटिएको डिजिटल नगर प्रोफाइल (Digital Municipal Profile) तयार गरी नियमित तथ्याङ्क संकलन एवम् अद्यावधिक गर्ने व्यवस्था मिलाईनेछ।

२००. मेकर स्पेस/इन्नोभेशन सेन्टर (Maker's Space/Innovation Center) मार्फत टेक फर युथ (Tech4Youth) कार्यक्रम सञ्चालन गरी सूचना प्रविधि, नवप्रवर्तन तथा उद्यमशीलतामार्फत युवालाई सशक्त बनाई डिजिटल सीपयुक्त, उद्यमशील र प्रतिस्पर्धी जनशक्ति उत्पादन गर्ने नीति लिईनेछ।

२०१. जेन-जी सडक (पार्क मोड) स्थित पार्कको दक्षिणतर्फ निर्माणाधिन मञ्चमा २५ X १५ फिटको डिजिटल एल.ई.डी. स्क्रिन तथा थप अडियो-भिजुअल उपकरणहरू जडान गरिनेछ। उक्त माध्यमबाट सुदूरपश्चिम प्रदेशका पर्यटकीय, धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक महत्त्वका स्थलहरूको परिचय, विशेषता र प्रवर्द्धनसम्बन्धी सामग्री दैनिक रूपमा प्रसारण गरी आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धन, स्थानीय कला-संस्कृतिको संरक्षण तथा प्रचार-प्रसार एवम् प्रदेशको पहिचानलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा स्थापित गराउने व्यवस्था मिलाईनेछ।

**<u>विद्युत तथा वैकल्पिक उर्जा कार्यनीति:</u>**

२०२. उपमहानगरका मुख्य सडक तथा चोक, आर्थिक केन्द्रमा आधुनिक प्रविधियुक्त हाई मास्ट/मिनी मास्ट लाईट (High Mast/Mini Mast Light), स्मार्ट स्ट्रीट लाईट (Smart Street Light), रोप/स्ट्रिप

लाईट (Rope/Strip Light) जडान गरी सुरक्षित सडक यात्रा, शहरको सौन्दर्यतामा अभिवृद्धि एवम् यातायातको सहज आवगमनमा सहयोग र सन्ध्याकालिन बजार संचालनमा सहयोग पुर्‍याउन **"उज्यालो धनगढी"** कार्यक्रम संचालन तथा विद्युत पहुँच नपुगेका टोलबस्तीहरुमा विद्युत पहुँच पुर्‍याउने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

२०३. वातावरण प्रदुषण न्यूनीकरण गर्न, विद्युत प्रयोगलाई प्रोत्साहन गर्न विद्युतीय सवारी साधनको प्रयोगलाई प्राथमिकता दिई चार्जिङ स्टेशन स्थापना गर्ने र सौर्य उर्जा प्रविधिको उपयोग गर्ने नीति लिईनेछ ।

२०४. उपमहानगर भित्र जडान भएका स्ट्रीट लाईट, हाई मास्ट लाईट, रोप लाईट लगायतका सडकबत्तीहरुको विद्युत महसुलको आर्थिक भार कम गर्न इलेक्ट्रिसिटी इनर्जी कन्जम्सन (Electricity Energy Consumption) लाई प्रभावकारी, आवश्यकता अनुकुल र नयाँ प्रविधिको प्रयोगलाई प्राथमिकता दिईनेछ ।

**(घ) वन, वातावरण तथा विपद् व्यवस्थापन नीति:**

२०५. उपमहानगरलाई स्वच्छ, सफा, सुन्दर बनाई शहरको सौन्दर्यतामा अभिवृद्धि गरी हरित उपमहागनरका रुपमा स्थापित गर्न सार्वजनिक निजी क्षेत्रसंगको साझेदारीमा वन तथा वातावरणको विकास तथा विपद ब्यबस्थापन गर्ने नीतिलाई निरन्तरता दिइनेछ । उपमहानगरक्षेत्रभित्रका सार्वजनिक खाली स्थानको पहिचान गरी **"जहाँ खाली त्यहाँ हरियाली"** प्रवर्द्धन गर्न प्राथमिकताका साथ कार्यक्रमहरु निरन्तर सञ्चालन गरिनेछन् ।

**वन, वातावरण तथा विपद् व्यवस्थापन कार्यनीति:**

२०६. मौसम परिवर्तन (तातो हावा, शीतलहर, वर्षा) का कारण जनजीवन प्रभावित हुनबाट जोगाउने नीति लिईनेछ । नदी तटीय क्षेत्र नजिक रहेका जोखिमयुक्त बस्तीहरुलाई लक्षित गरी बहु-प्रकोपीय साइरन जडान गर्ने कार्य अघि बढाइनेछ । आगलागीजन्य घटनाबाट उत्पन्न क्षती न्यूनिकरण गर्न शहरका विभिन्न स्थानमा फायर हाईड्रेन्ट जडान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

२०७. प्रत्येक वडाको कम्तिमा एउटा सामुदायिक विद्यालयमा विपद सिकाइ केन्द्र स्थापना गरी उक्त सिकाइ केन्द्र मार्फत विपद्सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाईनेछ । मानव र वन्यजन्तुबीचको द्वन्द न्युनिकरण गर्न आवश्यक कार्यक्रमहरु सञ्चालन गर्ने नीति लिईनेछ ।

२०८. विपद् व्यवस्थापनसम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्दा विभिन्न साँझेदार संघसंस्थाहरुसँग भएको प्राविधिक ज्ञान, सीप र क्षमता समेतको उपयोग गरी सञ्चालन गर्ने नीति लिईनेछ ।

**<u>वातावरण, खानेपानी तथा सरसफाई व्यवस्थापन कार्यनीति:</u>**

२०९. उपमहानगरपालिकाले आफ्नो वातावरण संरक्षण, नदी नियन्त्रण र स्थानीय अर्थतन्त्र सुदृढीकरणका लागि बाँस (Bamboo) प्रवर्द्धन सम्बन्धी नीतिलाई विशेष प्राथमिकताका साथ अगाडी बढाइनेछ । चक्रीय अर्थतन्त्र (Circular Economy) को सिद्धान्त, दिगो शहरी विकास र प्रकृतिमा आधारित समाधान (Nature-Based Solutions) लाई आत्मसाथ गर्दै उपमहानगरलाई स्वच्छ र हरित बनाउने लक्ष्य राखी सो अनुसार कार्य गरिनेछ ।

२१०. विद्यालय हाता, सार्वजनिक क्षेत्र र खुला स्थानहरूमा फल लाग्ने तथा फूल फुल्ने बिरुवाहरू रोपी शहरी जैविक विविधता जोगाउने कार्यलाई निरन्तरता दिइनेछ ।

२११. उपमहानगरको खानेपानी समस्यालाई सम्बोधन गर्न संघ र प्रदेश सरकारसँगको समन्वय र सहकार्यलाई निरन्तरता दिइनेछ । खानेपानी आयोजनालाई समयमै सम्पन्न गर्न सहजिकरण गरिनेछ ।

२१२. मुहानदेखि धारासम्म सरोकारवालाको सहकार्यमा नियमित खानेपानी गुणस्तर परीक्षण (Water Quality Testing) गर्ने कार्यलाई निरन्तरता दिइनेछ । बढ्दो शहरीकरण र गर्मीयाममा भूमिगत जलस्तर (Groundwater Table) घट्दै जाने समस्यालाई सम्बोधन गर्न उपमहानगरपालिकाले भौतिक पूर्वाधार विस्तार र प्राकृतिक जल पुनर्भरण दुवैलाई सँगसँगै लैजाने नीति अनुसारका कार्य गरिनेछ ।

२१३. उपमहानगरको सरसफाई व्यवस्थापनमा सामुदायिक संघ संस्था, स्वयम्सेवी अभियन्ताहरु एवम् निजीक्षेत्रलाई उत्प्रेरित गरिनेछ । साथै, फोहरमैला सम्बन्धी उत्कृष्ट, अनुकरणीय कार्य गर्ने सरसफाई समिति, शैक्षिक संस्थालाई प्रोत्साहन गरिने कार्यलाई निरन्तरता दिइनेछ ।

२१४. फोहरमैलाको वर्गीकरण, न्यूनीकरण र निष्कासन सम्बन्धी उपमहानगरवासीको दायित्वबारे सचेतना कार्यक्रमहरुलाई अभियानका रुपमा सञ्चालन गर्दै प्लाष्टिकजन्य फोहरको वर्गीकरण पछि पुन: प्रशोधन गर्ने निति अवलम्बन गरिनेछ । फोहरमैला व्यवस्थापनमा टोलस्तरका सरसफाई समिति, युवा क्लब, महिला समुहजस्ता समुदायमा आधारित संघसंस्थाको सहकार्य र सहभागिता अभिबृद्धि गरिनेछ ।

२१५. दिसाजन्य लेदो व्यवस्थापन हुने गरी एकीकृत फोहोर व्यवस्थापन केन्द्र सञ्चालनमा ल्याईनेछ। स्वास्थ्य जन्य फोहरमैला व्यवस्थापन केन्द्र सञ्चालनमा ल्याइनेछ। सोलिड वेष्ट मेनेजमेन्ट डाटा ट्र्याकिङ सिस्टम (Solid Waste Management Data Tracking System) तयार गरी लागु गरिनेछ । सेफ्टी ट्याङ्कीबाट निकालिने लेदो (Fecal Sludge) लाई जथाभावी खोलानाला वा खाली जग्गामा फाल्न पूर्ण प्रतिबन्ध लगाइने नीति लिइनेछ।

२१६. फोहरमैला व्यवस्थापनलाई थप प्रभावकारी बनाउनको लागि विद्यालयहरुमा सरसफाई सम्बन्धि क्लब निर्माण गरी परिचालन गर्ने नीति लिईनेछ।

**(ङ) संस्थागत सुशासन तथा जनशक्ति विकास नीति:**

२१७. सार्वजनिक सेवालाई छिटो, छरितो, उत्तरदायी, पारदर्शी, जवाफदेही, दिगो एवम् परिणाममुखी बनाउन आधुनिक प्रविधिको उपयोग तथा डिजिटल प्रविधि मार्फत सेवा प्रवाह गरी कार्य सम्पादन गर्ने नीति लिइनेछ।

**संस्थागत क्षमता अभिवृद्धि तथा मानव संशाधन विकास कार्यनीति:**

२१८. सार्वजनिक सेवालाई उत्तरदायी, पारदर्शी, जवाफदेही, दिगो एवम् परिणामुखी बनाउदै लैजान सूचना प्रवाहलाई थप प्रभावकारी बनाई आधुनिक प्रविधिमैत्री बनाईनेछ । प्रशासनिक कार्यका असल अभ्याससम्बन्धी अनुभवहरुको आदान-प्रदान गर्न स्थानीय, प्रादेशिक र राष्ट्रियस्तरमा अवलोकन भ्रमणको व्यवस्था निरन्तर रुपमा गरिदै लगिनेछ।

२१९. संघ तथा सुदूरपश्चिम प्रदेश सरकारले जारी गरेका प्रशासन सुधारसम्बन्धी विभिन्न सुझावहरुलाई स्थानीयकरण गरी स्वच्छ, सबल र पारदर्शी जनप्रशासन विकासको नीतिलाई प्राथमिकता साथ कार्यान्वयन गरिनेछ। कर्मचारीहरुको मनोबल वृद्धिका लागि तलबमा समानुकूल पुनरावलोकन गरिनेछ।

२२०. कर्मचारी प्रशासनलाई जवाफदेही, प्रतिस्पर्धी र उत्प्रेरित बनाउँदै कर्मचारीहरुलाई पुरुस्कार र दण्डको व्यवस्था गर्ने कार्यलाई थप प्रभावकारी बनाई निरन्तरता दिईनेछ । कार्यालयबाट प्रदान गरिने सेवा सुविधाहरु क्रमश: विद्युतीय प्रणालीमार्फत प्रदान गर्ने व्यवस्था मिलाईनेछ।

**कानून, न्याय तथा न्यायिक निरुपण सम्बन्धी कार्यनीति :**

२२१. उपमहानगरपालिकालाई प्राप्त संवैधानिक एवम् कानूनी अधिकारको प्रयोगका लागि आवश्यक पर्ने कानूनहरुको तर्जुमा गर्ने एवम् तर्जुमा भई कार्यान्वयनमा रहेका कानूनहरुमा आवश्यक संशोधन गरी लागू गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

२२२. न्यायिक समितिबाट न्याय प्रदान गर्दा कसै प्रति कुनै पनि पुर्वाग्रह नराखी मानवीय मुल्य, मान्यता, मर्यादा र गरिमाको सम्मान गर्दै सबैको व्यक्तित्व र अस्थित्वको कदर गर्दै न्याय सम्पादन गर्ने नीतिलाई निरन्तरता दिईनेछ। स्थानीयस्तरमा उत्पन्न न्यायिक समितिको अधिकारक्षेत्रभित्रका विवादहरु मिलाउनका लागि प्रत्येक वडामा रहेका मेलमिलाप केन्द्रलाई थप सक्षम र सुदृढीकरण गरी परिचालन गरिनेछ।

२२३. थारु, राना थारु, आदिवासी जनजाती, महिला, दलित, सिमान्तकृत, यौनिक अल्पसंख्यक एवम् वञ्चितिकरणमा परेका समुदाय लगायत पिछडिएको वर्ग तथा क्षेत्रका व्यक्तिहरुको न्यायमा सहज पहुँच सुनिश्चित गर्न न्यायिक समितिका पदाधिकारी, विद्यालयमा अध्ययनरत किशोरकिशोरी, सूचिकृत मेलमिलापककर्ता, भलमन्सा, वडघर, कर्मचारी एवम् आवश्यक अन्य व्यक्तिहरुका लागि कानुनी शिक्षा र सचेतना कार्यक्रम सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

**आन्तरिक लेखा परीक्षण, आन्तरिक खरिद व्यवस्थापन कार्यनीति:**

२२४. आन्तरिक लेखा परीक्षणको कार्यलाई व्यवस्थित गर्न आन्तरिक लेखा परीक्षणको कार्यलाई प्रभावकारी बनाई सार्वजनिक स्रोत साधनको दक्षतापूर्वक प्रयोग गरी वित्तीय जोखिम न्यूनीकरण गर्ने र प्रभावकारी वित्तीय व्यवस्थापनका माध्यमबाट बेरुजुलाई न्यूनीकरण गर्दै बेरुजुको अङ्क शुन्यमा झारी वित्तीय अनुशासन कायम गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

**उपभोक्ता हित सम्बन्धी कार्यनीति:-**

२२५. उपभोक्तालाई हुन सक्ने हानी नोक्सानी वापत क्षतिपूर्ति उपलब्ध गराउन, वस्तु तथा सेवाको आपूर्तिमा मापदण्ड विपरित कार्य गर्ने, कालाबजारी गर्ने, कानून विपरित वस्तुको संचय एवम् भण्डारण गर्ने र अनुचित मुनाफा लिई व्यापारिक क्रियाकलाप गर्ने प्रवृतिलाई निरुत्साहित गर्न वर्षभरी बाह्रै महिना बजार अनुगमन गर्ने कार्यलाई निरन्तर अवलम्बन गरिनेछ।

२२६. बालबालिकालाई कुलतबाट जोगाउन विद्यालय परिसर नजिक मादक पदार्थ, चुरोट तथा सुर्तिजन्य पदार्थको बिक्री वितरण गर्ने कार्यमा रोक लगाईने नीति लिईनेछ ।

२२७. उपभोक्ताको हित संरक्षणका लागि विभिन्न सचेतनामूलक सूचनाहरुको सम्प्रेषण गर्ने तथा उपभोक्ता हित संरक्षण कार्यमा संलग्न व्यक्ति एवम् संघ-संस्थाहरुको क्षमता विकास गरिनेछ । उपमहानगरक्षेत्रभित्र सम्भाव्यताका आधारमा थोक बजार, हाटबजार तथा खुद्रा बजार विस्तार गरी आपूर्ति व्यवस्थालाई सहज, सुदृढ र प्रभावकारी तुल्याईने नीतिलाई निरन्तरता दिईनेछ ।

**राजश्व परिचालन कार्यनीति :**

२२८. कर परिपालना गर्ने करदातालाई उच्च सम्मान, सुविधा र कार्यप्रणालीमा सरलीकरण गरि प्रविधिमैत्री निगरानी प्रणाली अबलम्वन गरिनेछ । कानूनी अस्पष्टता र करदाताको अज्ञानताका कारण लामो समयदेखि सिर्जित करलाई समयमा कर निरूपण गरिनेछ ।

२२९. उपमहानगरक्षेत्रभित्र हुने सबै प्रकारका ब्यावसायिक तथा आर्थिक क्रियाकलापलाई करको दायरामा ल्याईनेछ । व्यवसाय करका दरलाई समय सापेक्षरुपमा मिलान गरिनेछ । सम्पत्ति कर र भूमि करलाई वैज्ञानिक र समय सापेक्ष बनाउन अभिलेख अध्यावधिक गरी सम्पत्ति कर र भूमिकरको दर पुनरावलोकन गरिनेछ । मानव स्वास्थ्यमा दीर्घकालिन प्रतिकुल असर गर्ने मदिरा तथा सुर्तीजन्य पदार्थको बिक्री वितरणलाई व्यवस्थित गर्दै लैजान करको दरमा वृद्धि गरिनेछ ।

२३०. राजश्व प्रशासनमा काम गर्ने कर्मचारीहरुको क्षमता वृद्धि गर्ने, करदाताहरु तथा विद्यार्थीका लागि करदाता शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।

**नगर सभा सदस्यहरु,**

**अन्त्यमा,**

२३१. हाम्रो कार्यकालको **चार वर्ष**मा हामीले उपमहानगरबासीको प्राथमिकता एवम् आवश्यकताहरुलाई सम्बोधन गर्न विभिन्न कार्यक्रमहरु निरन्तर रुपमा सञ्चालन गर्दै आईरहेको कुरा यहाँहरुलाई विदितै छ । यहाँहरुको अपेक्षा, आशा र भरोसाबमोजिमका सबै कार्यक्रमहरु तत्काल सञ्चालन नभएका पनि होलान् । हामी यहाँहरुको अपेक्षा, आशा र भरोसालाई सम्बोधन गर्न सरोकारवालाहरुसँग हातमा हात मिलाउँदै अघि बढिरहेका छौं । यसैको निरन्तरता स्वरुप **आर्थिक वर्ष २०८३।८४** को लागि यो **नीति**

**तथा कार्यक्रम** यहाँहरुसमक्ष प्रस्तुत गरेका छौं। यसको कार्यान्वयनका लागि आम नगरबासी, मतदाता, निजी तथा सार्वजनिक क्षेत्र, नागरिक समाज, सञ्चार जगत, विभिन्न संघसंस्था, कर्मचारी, बुद्धिजीवि एवम् प्रवुद्ध वर्ग, राजनीतिक दल एवम् संघ तथा प्रदेश सरकार सबैले आ-आफ्नो क्षेत्रबाट सक्दो सहयोग गरी दिनु हुन हार्दिक अपिल गर्दछु।

धन्यवाद !

**सम्वत् २०८३ साल असार ७ गते रोज १ शुभम्।**

गोपाल हमाल

नगर प्रमुख

**धनगढी उपमहानगरपालिका**

धनगढी, कैलाली

सुदूरपश्चिम प्रदेश, नेपाल